# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक २९७ बुधबार, ९ पुस २०८२ | SOURYA NATIONAL DAILY | Wednesday, 24 December 2025 पृष्ठ : ८+६ मूल्य रू. १०


# लेखकलाई ७ दिनभित्र बयानका लागि उपस्थित हुन आयोगको पत्र

## ओली र लेखकबाहेकको स्थानहद फुकुवा



■ सौर्य समाचार

काठमाडौँ । जेनजी आन्दोलनको क्रममा २३ र २४ भदौमा भएको घटनाको सन्दर्भमा बयान लिनका लागि तत्कालीन गृहमन्त्री रमेश लेखकलाई जाँचबुझ आयोगले ७ दिनभित्र उपस्थित हुन पत्र काटेको छ । उनलाई 'भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग' ले मंगलबार बयानका लागि पत्र पठाएको हो । जेनजी आन्दोलनको क्रममा २३ भदौमा प्रहरीले निर्ममतापूर्वक दमन गर्दा काठमाडौँस्थित नयाँ बानेश्वरमा १७ जना र इटहरीमा २ जना आन्दोलनकारीको घटनास्थलमै मृत्यु भएको थियो । २४ भदौमा आन्दोलन चर्किंदा संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रधानमन्त्री निवास, राष्ट्रपति निवासदेखि देशभरका सरकारी निकाय, प्रहरीचौकी, पार्टी कार्यालय, व्यापारिक प्रतिष्ठानहरू र नेताका निजी निवासमा समेत तोडफोड र आगजनी भएको थियो । यी घटनाको छानबिन गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री लेखकसहित उच्च सरकारी अधिकारीहरूको बयान लिने जनाएको छ । यसै सन्दर्भमा आयोगले पूर्वगृहमन्त्री लेखकलाई बयानका लागि पत्र काटेको हो ।

लेखकपछि आयोगले तत्कालीन प्रधानमन्त्री ओलीलाई पनि बयानका लागि पत्र काट्ने तयारी गरेको छ । तत्कालीन प्रधानमन्त्री ओली र लेखकलाई पक्राउ गरी कारबाही गर्न विभिन्न जेनजी घटकहरूले सरकारलाई निरन्तर दबाबसमेत दिइरहेका छन् ।

### मानवअधिकार आयोगको अनुसन्धान पनि जारी

भदौ २३ र २४ को घटनामा राष्ट्रिय मानवअधिकार आयोगले समेत छानबिन गरिरहेको छ । आयोग स्रोतका अनुसार लेखकले आयोगलाई बयान दिइसकेका छन् । जाँचबुझ आयोगलाई बयान नदिने अडानमा रहेका तत्कालीन प्रधानमन्त्री ओलीले मानवअधिकार आयोगलाई भने पार्टीको महाधिवेशनपछि आउने प्रतिवद्धता व्यक्त गरेको आयोग स्रोतले जनायो ।

लेखक भने जाँचबुझ आयोगलाई पनि बयान दिने मनस्थितिमा रहेको उनी निकट स्रोतले जानकारी दिएको छ । यद्यपि आफूलाई तत्कालीन मन्त्रीको रूपमा सामान्य जानकारी लिनका लागि बयानमा बोलाउँदा जाने तर अभियुक्तझैँ ठानेर त्यही प्रकारले बयान लिने अवस्थामा भने नजाने तयारीमा रहेको उनले बताएका छन् । पत्रको व्यहोरा अनुसार निर्णय लिने उनले बताएका छन् । 'उहाँ बयान दिन सकारात्मक हुनुहुन्छ । २३ र २४ भदौको घटनाबारे जानकारी लिनका लागि मात्रै हो भने बयान दिन जाने उहाँको मनस्थिति छ ।', स्रोतले भन्यो, 'अभियुक्त नै मानेर बयान लिन खोजेको अवस्थामा भने फरक निर्णय हुनसक्छ । पत्रको आधारमा हुन्छ ।' ▸▸▸ बाँकी पृष्ठ ६

# शीतलनिवासमा आइसब्रेक !

- राष्ट्रपतिको पहलमा प्रधानमन्त्री र देउवा, ओली र प्रचण्डबीच चुनावकेन्द्रित छलफल
- देशलाई जटिलताबाट निकाल्न दलहरूलाई राष्ट्रपतिको आग्रह
- सहज वातावरण निर्माण भए चुनावका लागि कांग्रेस-एमाले तयार

■ विक्रम रत्न

काठमाडौँ । आसन्न प्रतिनिधिसभा चुनाव सफल बनाउन सरकारले राजनीतिक दलका शीर्ष नेताहरूसँग संवाद सुरु गरेको छ । ३ महिनाभन्दा लामो संवादहीनता तोड्दै सरकार र दलका शीर्ष नेताहरूबीच छलफल भएको हो । मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलको पहलमा प्रधानमन्त्री सुशीला कार्की, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डबीच शस्तलनिवासमा छलफल भएको हो ।

सरकारले निर्वाचनको तयारी गरिरहँदा कांग्रेस र एमाले भने प्रतिनिधि पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालत गएका छन् । सरकारले चुनावमा जाने वातावरण नबनाएको भन्दै यी दलहरू सरकारसँग असन्तुष्ट देखिन्छन् । जेनजी आन्दोलनपछि बनेको सरकार र दलहरूबीच दुरी घट्न नसकिरहेका बेला मंगलबारको भेटले भने वातावरण थप सहज बनाएको छ । दलका शीर्ष नेताहरूले प्रधानमन्त्रीले आफूहरूसँग कुनै छलफल नगरेको भन्दै सार्वजनिक रूपमा असन्तुष्टि जनाउँदै आएका थिए । यद्यपि, प्रधानमन्त्रीले दलका दोस्रो तथा तेस्रो तहका नेताहरूसँग भने निरन्तर संवाद गरिरहेकी थिइन् । प्रधानमन्त्री र शीर्ष नेताहरूबीत असमझदारी देखिएको परिस्थितिमा राष्ट्रपति रामचन्द्र पौडेलले पहल गरेर संवादहीनता तोडाएका हुन् ।

छलफलका क्रममा राष्ट्रपति पौडेलले देशको परिस्थिति गम्भीर र संवेदनशील भएकाले त्यसको निकासका लागि चुनाव घोषणा गरेको स्पष्ट पारेका थिए । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार उनले विषयको गाम्भीर्यलाई ध्यान दिँदै निर्वाचन सफल बनाउन लाग्नु सबैको दायित्व भएको भन्दै नेताहरूलाई आग्रह गरेका थिए । 'देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिन चुनावको घोषणा भएको हो, यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो,' राष्ट्रपतिलाई उद्धृत गर्दै पोखरेलले भने । उनले निर्धारित मितिमै चुनाव सम्पन्न गर्न वातावरण बनाउने विषयमा सरकार र दलहरूबीच समझदारी जुटेको पनि बताए ।



कांग्रेस-एमालेले भने-

### चुनावको वातावरण बनाउनुस्

मन्त्रीहरू पार्टी कार्यालयमै आएर भेटेपछि दलका नेताहरू सकारात्मक देखिएका छन् । कांग्रेस र एमालेका नेताहरूले चुनाव गराउने कुरामा सरकार स्वयं स्पष्ट हुनुपर्ने भन्दै चुनावी वातावरणको कुरा निकालेका छन् । सरकारले चुनावको वातावरण बनाए आफूहरू चुनावबाट नभाग्ने उनीहरूको भनाइ थियो । कांग्रेस उपसभापति धनराज गुरुङले प्रधानमन्त्री सुशीला कार्कीले 'जेठो छोरा'को संज्ञा दिएका सुदन गुरुङले चुनाव हुन दिन्नौँ भन्ने सार्वजनिक अभिव्यक्ति दिइरहेको भन्दै यसतर्फ सरकारको ध्यानाकर्षण गराए । उनले चुनाव हुनेमा आफूहरूको आशंका रहेको भन्दै त्यसको निदान गर्न मन्त्रीहरूलाई आग्रह गरे । 'प्रधानमन्त्रीले जसलाई जेठो छोरा भन्नुभयो, उसैले चुनाव हुन दिन्नौँ भनेपछि हाम्रो के लाग्छ ? आशंका झन् बलियो बनायो,' मन्त्रीहरूसमक्ष उनले भने, 'हरेक पाइलामा आएका आशंका निदान गर्दै अघि बढ्नुस् ।'

एमाले उपमहासचिव रघुवीर महासेठले एमाले चुनावमा आओस् भन्ने सरकारकै चाहना नभएको जिकिर गरे । पार्टी अध्यक्ष ओलीलाई स्थान हद तोकेर एमाले चुनावमा जान नसक्ने उनको कुरा थियो । 'अध्यक्षलाई स्थान हद तोकेर एमाले चुनावमा जान सक्छ र ? स्थान हदको बारेमा सरकारले आफ्नो कमजोरी स्वीकार गर्दै स्थान हद हटाउनुपर्‍यो,' उनको भनाइ थियो । अन्तरिम सरकारको मन्त्रीले पार्टी बनाउँदै सरकारी संयन्त्रको दुरुपयोग गरेको भन्दै उनले ऊर्जामन्त्री कुलमान घिसिङको आलोचना गरे । यता, एमालेसँगको भेटवार्तापछि सञ्चारमन्त्री खरेलले एमालेबाट चुनावमा जाने कुरा स्पष्ट रूपमा आएको बताए । चुनावी वातावरण बनाउन लचक हुनुपर्ने ठाउँमा सरकार लचक हुने उनको भनाइ थियो । 'चुनावमा भाग लिने कुरा स्पष्ट रूपमा एमालेबाट आएको छ,' छलफलपछि उनले भने, 'अधिकार क्षेत्र र जिम्मेवारी हेरेर सरकार लचक हुने ठाउँमा चुनावी वातावरण बनाउन सरकारले काम गर्छ ।' ▸▸▸ बाँकी पृष्ठ ६

### दल-सरकार संवादको ढोका खुल्यो, थप छलफल बालुवाटारमा

२३ र २४ भदौको जेनजी आन्दोलनपछि २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन गरेर २१ फागुनमा चुनाव घोषणा गरिएको थियो । आन्दोलनको धेरै दिनसम्म दलका शीर्ष नेताहरू भूमिगत भएका थिए । भूमिगत अवस्थामै उनीहरूबीच छलफल भएर कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्न एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपतिलाई सिफारिस गरेको प्रधानमन्त्री नियुक्तिसम्बन्धी विज्ञप्तिमै उल्लेख छ । तर, तत्कालीन सत्तारुढ एमालेले सरकारको अस्तित्व नै स्वीकारेको छैन । एमालेले चुनाव नै अस्वीकार गरिरहेको र सरकारसँगको संवादहीनताले अन्योल थपिरहेका बेला मंगलबारको भेटलाई आइस ब्रेकका रूपमा लिइएको छ । अब उनीहरूबीच चुनावकेन्द्रित छलफलहरू प्रधानमन्त्री निवास बालुवाटारमा गर्ने समझदारी भएको बताइएको छ । यसअघि पनि दलका प्रतिनिधिहरूसँगको छलफलको सुरुआत शीतलनिवासमै भएर त्यसपछिका छलफल भने बालुवाटार र सिंहदरबारमा भइरहेका छन् ।

### मन्त्रीहरू पुगे दलको कार्यालय निरीक्षणमा

दलहरूलाई फकाउँदै चुनावको वातावरण बनाउन मन्त्रीहरू सक्रिय भएका छन् । सरकारले गठन गरेको उच्चस्तरीय राजनीतिक संवाद समितिमा रहेका मन्त्रीहरूले मंगलबार कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीको कार्यालय भ्रमण गरेर दलहरूलाई फकाउने प्रयास गरेका हुन् । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, सञ्चारमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनालले जेनजी आन्दोलनका क्रममा ती पार्टी कार्यालयहरूमा भएको क्षतिको अवलोकन गर्न भन्दै भ्रमण गरेका हुन् । भ्रमणका क्रममा उनीहरूले दलका नेताहरूलाई भेट गरी चुनावको वातावरण बनाउन आग्रह गरेका थिए ।

सञ्चारमन्त्री खरेलले सरकारको तर्फबाट चुनावको वातावरण बनाउन दलहरूकोमा सरकार जानुपर्ने कुरालाई आत्मबोध गर्दै आफूहरू दलको कार्यालय आएको बताए । सम्बन्धलाई दोहोरो बनाउन र विश्वास बढाउन सरकार प्रयत्नरत रहेको उनको भनाइ छ । '२१ फागुनको चुनाव सुनिश्चित गर्न एक पटक प्रमुख दलहरूसँग सरकार जानुपर्छ भनेरै आएका हौँ,' उनले भने, 'सम्बन्ध दोहोरो बनाऔँ । दोहोरो बनायो भने विश्वास बढ्छ । चुनावको वातावरण बन्छ भनेर हो ।'

# सुस्त अर्थतन्त्र उकास्न ग्रामीण र साना व्यवसायमा कर्जा दिन जोड

■ सौर्य समाचार

काठमाडौँ । बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलले आर्थिक गतिविधि पूर्ण चलायमान बनाउन ग्रामीण र सहरी क्षेत्रमा साना व्यवसायका लागि कर्जा पहुँच सहज गर्न सुझाव दिएको छ । नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले गत ३० जेठमा गठन गरेको कार्यदलले १ महिनाभित्र बुझाएको सुझाव प्रतिवेदनमा उल्लेख गरेको हो ।

ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन 'ग्रामीण क्षेत्रमा राष्ट्र बैंक' कार्यक्रम सुरु गर्नुपर्ने कार्यदलको सुझाव छ । प्रतिवेदनमा गभर्नर स्वयं ग्रामीण क्षेत्र पुगेर त्यहाँको आर्थिक सम्भावना, कर्जाको माग र बैंकिङ सेवाको अवस्थाबारे सरोकारवालासँग छलफल गर्ने र त्यसका आधारमा नीति परिमार्जन गर्नुपर्ने उल्लेख गरिएको छ । स्थानीय तहसँग मिलेर वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पनि कार्यदलले जोड दिएको छ । ग्रामीण क्षेत्रमा ५ लाख र सहरी क्षेत्रमा १० लाख रुपैयाँसम्मको व्यवसाय कर्जा उचित धितोमा बैंक वित्तीय संस्थाबाट सरल र सहजरूपमा पाउने व्यवस्था लागू गर्न कार्यदलको सुझाव छ ।



कार्यदलको यो सुझाव कार्यान्वयनमा गए युवाहरू केही हदसम्म नेपालमै बस्ने वातावरण बन्नसक्ने अर्थविद् हरूको सुझाव छ । अर्थविद् नरबहादुर थापाले भने, 'ठुला व्यवसायीले पहिल्यै धेरै ऋण लिएको र सानाले नपाउने अवस्थाले गर्दा युवा जनशक्ति विदेश पलायन धेरै बढेको थियो । यो सुझाव कार्यान्वयन गर्दा साना व्यवसायीले लाभ लिने हुँदा रोजगारीसमेत सृजना हुन्छ ।'

त्यस्तै, सुस्त अर्थतन्त्र उकास्न आवश्यक नीतिनियमनलाई निक्षेपकर्ताको हितमा सम्झौता नहुने गरी रिल्याक्सन गर्ने/छुट दिने नीति लिन, सहुलियतपूर्ण कर्जा कार्यक्रमको बाँकी सरकारी अनुदानको जिम्मा लिई (लाभांशबाट शोधभर्ना लिने गरी) तत्काल सञ्चालन गराउन र आइटी र स्टार्टअप व्यवसायमा युवालाई प्रोत्साहन गर्ने कर्जा नीति लिनुपर्ने सुझाव पेस गरेको छ ।

कोभिडपछि कतिपय व्यवसाय बन्द छन् भने कतिपय सानो स्केलमा सञ्चालन भइरहेको सन्दर्भमा पुनः व्यवसाय सञ्चालन र स्केल वृद्धि गर्न चाहनेलाई व्यावसायिक सम्भावना र धितो हेरी थप कर्जा व्यवस्था गर्न कार्यदलको सुझाव छ । निक्षेपकर्ताको हित सर्वोपरि हुने गरी सुरक्षित कर्जाको पुनरसंरचना तथा पुनरतालिकीकरणको व्यवस्था गर्ने र लघुवित्त संस्थाबाट प्रदान हुने समूहगत कर्जालाई र धितोमा आधारित उद्यमशील कर्जाको सीमा वृद्धि गरिनुपर्नेमा कार्यदलले जोड दिएको छ ।

त्यस्तै, निजी क्षेत्रसँग प्रभावकारी समन्वय गर्ने संयन्त्रको विकास गर्नुपर्ने तथा कालोसूचीसम्बन्धी नियमलाई पुनरवलोकन गरी सुधार गरे अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने कार्यदलको प्रतिवेदनमा उल्लेख छ । ▸▸▸ बाँकी पृष्ठ ६

'सामाजिक सञ्जालमा आएका सबै सूचनालाई तथ्य समाचार नठान्नू'



पृष्ठ २

खम्बा पुगे, बिजुली पुगेन



पृष्ठ ३

# प्रतिनिधिसभा पुनर्स्थापनाका लागि कांग्रेसका ६५ सांसदको पूरक रिट दर्ता, आज पेसी




■ सौर्य समाचार

काठमाडौँ । प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै नेपाली कांग्रेसका ६५ जना निवर्तमान सांसदहरूको हस्ताक्षरसहितको पूरक रिट मंगलबार सर्वोच्च अदालतमा दर्ता भएको छ । कांग्रेस सांसदहरूको साथमा जनता समाजवादी पार्टीकी सांसद हसिना खान, जनमत पार्टीकी सांसद गोमा लाभ सापकोटा र स्वतन्त्र सांसद योगेन्द्र मण्डलले समेत हस्ताक्षर गरेका छन् । ती ३ सांसदसहितको ६८ जना सांसदहरूको हस्ताक्षर कांग्रेसको तर्फबाट वकालत गरिरहेका पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खातीले सर्वोच्च अदालतमा बुझाएका हुन् । हस्ताक्षरसहितको पूरक रिट सर्वोच्च अदालतमा दर्ता गरिएको कांग्रेसले जनाएको छ । आज(बुधबार) संवैधानिक इजलासमा पेसी तोकिएको बताइएको छ ।

यसअघि नै कांग्रेसका निवर्तमान प्रमुख सचेतक श्याम घिमिरे र सचेतक सुशीला थिङसहितका ८ सांसदले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि रिट निवेदन दर्ता गरेका थिए । एमालेका ७५ सांसदहरूको हस्ताक्षरसहित एमालेका निवर्तमान प्रमुख सचेतक महेश बर्तौला र सुनिता बरालले पनि पुनर्स्थापनाको मागमा रिट दर्ता गराएका थिए । यससँगै २७५ सदस्यीय प्रतिनिधिसभामा पुनर्स्थापनाको पक्षमा १४३ जना सांसद उभिएका छन् । १३८ जना सांसदहरूको बहुमत पुग्ने अवस्थामा पुनर्स्थापनाको पक्षमा सुविधाजनक बहुमत जुटेको हो । कांग्रेसका शीर्ष नेताहरू सभापति शेरबहादुर देउवा, कार्यबाहक सभापति पूर्णबहादुर खड्का, उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, नेता शेखर कोइराला लगायतका नेताहरूले भने पुनर्स्थापनाको पक्षमा हस्ताक्षर गरेका छैनन् ।

# न्यूनतम रोजगारीका लागि वडामै निवेदन

## ७५३ वटै स्थानीय तहमा रोजगार कार्यक्रम

■ सौर्य समाचार

काठमाडौँ । देशभित्रै दिगो रोजगारी सिर्जना तथा श्रम बजारको मागअनुकूल सीप विकासलाई प्राथमिकतामा राख्दै सरकारले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम निर्देशिका जारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ हालै जारी गरेको हो ।

सरकारले घोषणा गरेको आन्तरिक रोजगार प्रवर्द्धन दशक अभियानका कार्यक्रम र प्रतिवद्धतालाई कार्यान्वयन गर्ने साझा कार्यक्रमको रूपमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम निर्देशिका ल्याएको जनाएको छ । बेरोजगार व्यक्ति, रोजगारीको खोजीमा रहेको व्यक्ति, वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति र राज्यले विशेष सहुलियत उपलब्ध गराउनुपर्ने व्यक्तिलाई लक्षित वर्ग तोकिएको छ ।

विश्व बैंकको सहायतामा सञ्चालन हुँदै आएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिँदै मन्त्रालयले आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको जनाएको छ । निर्देशिकामा भनिएको छ, 'प्रधानमन्त्री रोजगार कार्यक्रममा प्रयोग हुँदै आएका रोजगार व्यवस्थापन सूचना प्रणाली तथा यस कार्यक्रमका लागि हस्तान्तरण गरिएका विषयहरू यही निर्देशिकाअन्तर्गत रहनेछन् ।'

श्रम र रोजगारी मुलुकको अर्थतन्त्रको



विकास र समृद्धिसँग प्रत्यक्ष जोडिएको बहुआयामिक र ३ तहकै सरकारको साझा कार्यक्षेत्र हुने गरी संघ, सातै प्रदेश तथा ७५३ वटै स्थानीय तहमा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने निर्देशिकामा उल्लेख छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले मिति २०८२ पुस ३ मा यो निर्देशिका स्वीकृत गरी लागू गरेको हो । राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत मुलुकको श्रम बजारमा प्रवेश गर्ने युवा श्रमशक्तिलाई बजारको मागअनुसार सीप विकास, रोजगार, स्वरोजगार तथा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप, पुँजी, अनुभव र प्रविधिलाई मुलुकको श्रम बजारको माग अनुरूप प्रवर्द्धन गरी रोजगार, स्वरोजगार र उद्यमशीलता विकासमा लगाइने निर्देशिकामा उल्लेख छ ।

श्रम बजारको मागअनुसारको सीपयुक्त तथा व्यावसायिक जनशक्ति आपूर्ति गर्न करिब २ महिनाको व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन गर्न सकिने व्यवस्था निर्देशिकामा गरिएको छ । तालिम सञ्चालन गर्दा सैद्धान्तिक र व्यवहारिक दुवै विषय समावेश गर्नुपर्नेछ । सीप विकास तालिममा ८० प्रतिशत व्यावहारिक तथा प्रयोगात्मक र २० प्रतिशत सैद्धान्तिक ज्ञान प्रदान गर्नुपर्ने मापदण्ड तोकिएको छ ।

कार्यस्थलमा आधारित तालिम सञ्चालन गर्दा सम्बन्धित उद्योग तथा प्रतिष्ठानमा कार्यरत श्रमिकलाई समेत संलग्न गराई तालिम सञ्चालन गर्न सकिने उल्लेख छ । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सीप विकाससम्बन्धी पाठ्यक्रम स्वीकृत गर्ने, सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्नेछ । स्थानीय तहमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्दै स्थानीय श्रम बजारको मागअनुसार सीपमूलक तालिम तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न सकिने निर्देशिकामा उल्लेख छ ।

### न्यूनतम रोजगारीका लागि वडामा निवेदन

अबदेखि बेरोजगार युवाले न्यूनतम रोजगारीका लागि वडा कार्यालयमा अनिवार्य रूपमा निवेदन दिनुपर्ने भएको छ । रोजगारीका लागि सम्बन्धित वडामा सूचीकृत हुनुपर्ने व्यवस्था गरेको हो । निर्देशिकाअनुसार बेरोजगार व्यक्तिले वडाले तोकेको ढाँचामा निवेदन दिनुपर्नेछ । निर्देशिकाअनुसार रोजगारीका लागि सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई प्राथमिकताक्रम निर्धारण गरी स्थानीय तहले रोजगारी तथा रोजगारमूलक सेवा उपलब्ध गराउनुपर्नेछ ।

# 'सामाजिक सञ्जालमा आएका सबै सूचनालाई तथ्य समाचार नठान्नू'

काठमाडौं। प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यले मिथ्या सूचनाका कारण सञ्चार माध्यमप्रति पाठक, स्रोता र दर्शकको विश्वसनीयता घटिरहेको बेला तथ्यजाँच आवश्यक रहेको औंल्याएका छन्। मंगलबार प्रेस काउन्सिल नेपालले काउन्सिल सभाहलमा आयोजित सञ्चार माध्यमको अनुगमन गर्ने सन्दर्भमा तथ्यजाँचसम्बन्धी छलफल कार्यक्रममा उनले त्यसका लागि स्वतन्त्र तथ्यजाँचकर्ताहरूको भूमिका अपरिहार्य हुने बताउँदै सामाजिक सञ्जालमा आएका सबै सूचनालाई तथ्य समाचार नठान्न आग्रह गरे।

उक्त छलफलमा तथ्यजाँचका क्षेत्रमा क्रियाशील उमेश श्रेष्ठ, प्रवेश सुवेदी, रविराज बराल, शिव बस्नेत, यामु कँडेललगायतले तथ्य जाँचसम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा भएगरेका अभ्यास तथ्यजाँचसम्बन्धी, तौरतरिका, विधि र काउन्सिलले आगामी दिनमा गर्नुपर्ने कार्यमा सम्बन्धमा काउन्सिललाई सुझाव दिए। स्वतन्त्र निकायबाट प्रमाणका आधारमा तथ्यजाँच हुने हुँदा काउन्सिलले त्यस्ता नियकासँग साझेदारी गर्न एवं मिथ्या सूचना फैलनबाट बच्नेबारे जगारणका कार्यक्रम सञ्चालन गर्न उपर्युक्त हुने विज्ञहरूको सुझाव रहेको थियो। (सौस)

## Dashrathchand Municipality
## Office of Municipal Executive
**Sudurpaschim Pradesh, Nepal**

### Invitation for Bids for the Supply and Delivery of Tractor 4WD with Hydraulic Trolley

**First Date of Publication: 2025/12/24 (9th Poush, 2082 )**

1. **The Office of Municipal Executive**, Dashrathchand Municipality, Gadi,Baitadi invites electronic bids from Nepalese eligible bidders for:

| S.N | Contract No. | Description of Work | Cost of Bid Document NRs. | Bid Security Amount NRs. |
|---|---|---|---|---|
| 1. | DCM/GOODS/NCB/ 02/2082/083 | Supply and Delivery of 4WD Tractor with Hydraulic Trolley | 3,000.00 | 65,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **The Office of Municipal Executive, Dashrathchand Municipality, Gadi,Baitadi,**Tel No. 095-520241, Email: dnpbaitadi@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.Bidders, submitting their bid electronically, should deposit non-refundable fee of **NRS 3000** bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank
**Name of the Bank : Rastriya Banijya Bank Ltd., Gothalapani,Baitadi**
**Name of Office : Dashrathchand Municipality**
**Office Account no Rajaswa khata Bid Fee. : GA 1.1 405010030101002**
**Office Account no Dhaurati khata (GA-3), Bid Security. : 4050100303000002**
4. Bidders must submit along with their bids Firm/Company Registration Certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax Clearance Certificate/ Extension Letter/Tax return submission evidence for the **F/Y [2081/082]**, Power of Attorney, self-declaration letter and Letter of Bid.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on **2026/01/23 (9th Magh, 2082)**. The bids will be opened at **1 pm, 2026/1/23, (9th Magh, 2082)** at, Dashrathchand Municipality, Gadi,Baitadi,. Bids must be valid for a period of **90** days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as mentioned above which shall be valid for **30 days** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer.**

## खोटेहाङ गाउँपालिका
## गाउँकार्यापालिकाको कार्यालय
**खोटाङबजार खोटाङ**
**कोशी प्रदेश, नेपाल**

### (रासायनिक मलढुवानी अनुदान सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना)

**प्रथम पटक प्रकाशन मितिः२०८२/०९/०८**

यस कार्यालयबाट चालु आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम निम्नानुसारको रासायनिक मल खरिद, ढुवानी र बिक्रि वितरण गर्न अधिकृत वितरक मध्येबाट छनौट सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुँदा उक्त मल ढुवानी गर्न सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१) सिलबन्दी दरभाउपत्र फारम कार्यालय समयभित्र रु. १,०००।- फिर्ता नहुने गरी नगदी रसिद काटी खोटेहाङ गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। बिक्रि भएको फारम फिर्ता हुनेछैन। रु. १० को टिकट टाँस गरि यस कार्यालयमा पेश गर्न सकिनेछ। साल्ट ट्रेडिङ वा कृषि सामग्री कम्पनी लिमिटेडमा दर्ता नविकरण गरि रासायनिक मल बिक्रेता सूचिमा सूचिकृत भई मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्म वा संस्था हुनुपर्ने छ।

२) खरिद गरिने रासायनिक मल यूरिय सम्बन्धी कामको विवरण फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई सम्बोधन गरी १५औं दिन मितिः २०८२/०९/२२ गते बिहान १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिउसो २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३) दरभाउपत्र दाखिला गर्ने, खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खोलेको दिन उल्लेखित कार्यहरु गरिनेछ।

४) दरभाउपत्रका साथ तोकिएका बमोजिमको जमानत रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय खोटाङ बजारस्थित धरौटी खाता नं.२३८०१००३०३०१०००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ।

५) दरभाउपत्रमा उल्लेख गरिने दररेटमा मूल्य अभिबृद्धि कर बाहेकको दररेट खुलाउनु पर्नेछ र अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएका दर रेटलाई मान्यता दिईनेछ। यदि केरमेट भएको ठाउँमा सिलबन्दी दरभाउपत्रदाताको स्पष्ट दस्तखत भएको हुनु पर्नेछ।

६) एक फर्मको नाम बाट खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाउने छैन।

७) कुनै कारणवश दरभाउ पत्र आंशिक वा पुर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्ध गर्न सम्पुर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

८) दरभाउ पत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

९) दरभाउपत्र सम्बन्धी कामकार्बाहि सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावाली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ।

**तपशिल**

| क्र.स. | ठेक्काको किसिम | कामको विवरण | लागत अनुमान भ्याटसहित | धरौटी रकम रु. | फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | रासायनिक मल खरिद, ढुवानी र बिक्रि | रासायनिक मल (यूरिया) ढुवानी लहानदेखी खोटेहाङ गाउँपालिकाको सबै वडाहरु | रु. ९,४९,२००।- | रु. २४,०००।- | रु. १,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

## राप्ती गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय
**मसुरीया, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८२/०९/०९)**

यस कार्यालयले मिति २०८२ मंसिर ०३ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको सूचना अनुसार www.bolpatra.gov.np/egp दर्ता हुनआएका बोलपत्रको मुल्यांकन हुदा तपशिलको बोलपत्र न्युनतम् मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | न्यूनतम् मुल्यांकित कबोल रकम रु. (VAT & PS सहित) |
|---|---|---|---|
| RRM/NCB/W/ 09/2082/083 | Masuriya dekhi khururiya jane batoko sano nadi ma pakki pul nirman | काया इन्फ्रास्ट्रक्चर प्रा.लि., स्वर्गद्वारी-०७, प्युठान | ७२,८६,६३७.९४ |
| RRM/NCB/W/ 10/2082/083 | Nepal rastriya ma.vi. School dekhi rapti nadi samma bato starunnati | न्यू अम्बे निर्माण सेवा, घोराही-१८, दाङ | १७,०९,१९८.२९ |
| RRM/NCB/W/ 11/2082/083 | Siddheshwori tole sadak kalopatre | न्यू अम्बे निर्माण सेवा, घोराही-१८, दाङ | १७,०९,४५५.९८ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Dashrathchand Municipality
## Office of Municipal Executive
**Sudurpaschim Pradesh, Nepal**

### Invitation for Bids

**Date of publication: 2025/12/24, (9th Poush, 2082)**

1. **The Office of Municipal Executive**, Dashrathchand Municipality, Gadi, Baitadi invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under National Competitive Bidding procedures.

| S.N | Contract ID | Name of Project | Estimated cost With Vat, PS and Contingency | Bid Security | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | DCM/NCB/ WORKS/03/2082/083 | Chhela Durga Bhawani Sadak Starounnati Karya ward no.4&3 | 2499988.71 | 65000 | 3000/-NRS |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Municipal Executive**, Dashrathchand Municipality, Gadi, Baitadi, Email: dnpbaitadi@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.Bidders, submitting their bid electronically, should deposit nonrefundable fee of **NRS 3000** bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank
**Name of the Bank : RASTRIYA BANIJYA BANK, Gothalapani, Baitadi**
**Name of Office : Dashrathchand Municipality**
**Office Account no Rajaswa khata Bid Fee. : GA 1.1 405010030101002**
**Office Account no Dhaurati khata/ Bid Security. : 4050100303000002**
4. Bidders are advised to visit actual site before submitting their bids. Bidders must submit along with their bids Firm/Company Registration Certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax clearances certificate for the F/Y 2081/82 or Tax return submission evidence or evidence of tax time extension for, Power of Attorney, self-declaration letter and Letter of Bid.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on **2026/01/23, 9th Magh , 2082**. The bids will be opened at **2 pm, 2026/01/23, 9th Magh , 2082** at, Dashrathchand Municipality Office, Gadi, Baitadi. Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer.**

### प्रभु बैक लिमिटेडको गैर बैकिङ्ग सम्पत्ति विक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८२/०९/०९ गते बुधबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंकको स्वामित्वमा रहेका तपसिल बमोजिमका सम्पत्ति (घर/जग्गाहरु) जे-जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रँतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी वोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान, कार्यालय बबरमहल, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र फाराम रित पूर्वक भरी पेश गर्नँ हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८औं दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन ठिक १२ :०० बजेसम्म कारोबार गरी सोही स्थान र समयमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र बैकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा सम्पर्क गर्नु होला।

**तपसिल**

**बिक्री हुने गैह्र बैंकिङ सम्पत्तिको विवरण :**

१. मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला मकैबारी गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४ स्थित कि.नं. २५२ र १००५ क्षेत्रफल १४९५ (बर्ग मि.) र ९७५ (बर्ग मि.)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. ..............................१
२. मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेष्ता कायम रहेको पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. ५ नक्सा सिटन ५क कित्ता नं. १०१४ को क्षेत्रफल ०-४-०-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....................१
३. मालपोत कार्यालय पाँचथरमा दर्ता श्रेष्ता कायम रहेको पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. ८ नक्सा सित नं. ८घ कित्ता नं. ४९० क्षेत्रफल ०-८-०-० (रोपनी) र ऐ.ऐ. वडा नं. २ नक्सा सिट नं. २क कित्ता नं. ७७३ क्षेत्रफल ०-४-३-१ (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...........................................१
४. मालपोत कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८, स्थित कित्ता नं. ८२५ क्षेत्रफल ०-५-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..........१
५. मालपोत कार्यालय सर्लाही, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला हरीवन गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ६ठ स्थित कित्ता नं. ६५३ र ६५२ को क्षेत्रफल ५०७.९६ (वर्ग मी.) र १६९.३० (वर्ग मी.)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...........................................१
६. मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला अर्त्रौली गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३ग, स्थित कि.नं २५८ क्षेत्रफल ०-१७-५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..................१
७. मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ३ नक्सा सिट १०२१२२७१७ स्थित कित्ता नं. १३७ क्षेत्रफल ९७.४५ (वर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........................१

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
मिति २०८२/०९/१५ गते मंगलबार, कार्यालय समय भित्र।

**बोलपत्र खोलिने मिति, समय र स्थान :**
मिति २०८२/०९/१६ गते बुधबार दिनको २:०० बजे,
बैंकको प्रधान कार्यालय, कर्जा असुली बिभाग, बबरमहल, काठमाण्डौ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# खम्बा पुगे, बिजुली पुगेन



सौर्य समाचार

डडेल्धुरा । भागेश्वर गाउँपालिकाको लेकुडा गाउँमा सयौँ घरपरिवार वर्षौंदेखि बिजुलीको प्रतीक्षामा छन् । स्थानीय डम्मरी जोशीका अनुसार गाउँसम्म बिजुलीका खम्बा पुगे पनि विद्युत् आपूर्ति सुरु हुन सकेको छैन । उनले चुनावका बेला पटक-पटक आश्वासन दिइए पनि काम अघि नबढेको गुनासो गरिन् । उनले गाडिएका खम्बा हाल कपडा सुकाउने र घाँस राख्ने थामोका रूपमा प्रयोग गसररहेका बताइन् । यस्तै भागेश्वर गाउँपालिकाकै ओडाखानका स्थानीय भीमबहादुर बुढामगरले बिजुली नहुँदा विद्यार्थीको पढाइ प्रभावित भएको बताए । उनले मोबाइल चार्ज गर्नसमेत समस्या हुने गरेको र सोलार घाम लागेको दिन मात्र चल्ने समस्या रहेको उल्लेख गरे ।

डडेल्धुराका १ हजारभन्दा बढी घरधुरी अझै पनि विद्युत् सुविधाबाट वञ्चित रहेका छन् । जिल्लाका ७ वटै स्थानीय तहका १ हजार २१ घरधुरीमा बिजुली नपुगेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रले जनाएको छ ।

सदरमुकाम रहेको अमरगढी नगरपालिकाभित्रका ६० घरधुरीमा अझै बिजुली पुगेको छैन । परशुराम नगरपालिकाका ३०८ घरपरिवार बिजुलीविहीन छन् । बसौटी, सलोन, हल्दीबारी, रजौडा, सिमलवण्ड, कुँडा लगायतका बस्तीमा विद्युत् सेवा पुगेको छैन ।

आलिताल गाउँपालिकामा १८९ घरपरिवार, भागेश्वर गाउँपालिकामा १४८ घरपरिवार, नवदुर्गा गाउँपालिकामा ८५ घरपरिवार, अजयमेरु गाउँपालिकामा १०० घरपरिवार तथा गन्यापधुरा गाउँपालिकामा १३१ घरपरिबार अझै विद्युत् पहुँचबाहिर छन् । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र डडेल्धुराका प्रमुख कपिल जोशीका अनुसार जिल्लाभर रहेका ३१ हजार १७२ घरधुरीमध्ये ३० हजार १५१ घरपरिवारमा विद्युत् पुगेको छ । बाँकी १ हजार २१ घरपरिवारमा विद्युतीकरण हुन बाँकी रहेको उनले बताए ।

उनले सबै नागरिकलाई विद्युत् पहुँचमा पुर्‍याउने लक्ष्यअनुसार काम भइरहेको जानकारी दिए । बिजुलीको पहुँच नहुँदा स्थानीय नागरिक भने टुकी र सोलारको भरमा दैनिकी बिताउन बाध्य छन् । जिल्ला सदरमुकाम आसपासका बस्तीदेखि ग्रामीण तथा दुर्गम क्षेत्रसम्म अझै पनि विद्युत् विस्तार हुन सकेको छैन ।

# मेलमिलापमा मुद्दा टुंग्याउन स्थानीय तहका न्यायिक समिति सक्रिय

सौर्य समाचार

बागलुङ । गण्डकी प्रदेशका ११ जिल्लाका ८५ स्थानीय तहका न्यायिक समिति पछिल्लो समय सक्रिय भएका छन् । स्थानीय तहमै विवाद समाधानका लागि स्थापित स्थानीय तहका न्यायिक समित विवाद समाधानमा सक्रिय बन्दै आएका छन् । एकापासमा असल अध्यास आदानप्रदान गर्दै आएको गण्डकी प्रदेशका स्थानीय तहले पहिलोपटक न्यायिक समितिको तथ्यांक सार्वजनिक गरेको छ । प्रदेशभरका स्थानीय तहका न्यायिक समितिमा आर्थिक वर्ष २०८१/०८२ मा कुल १ हजार ७८९ मुद्दा दर्ता भएका छन् ।

सामान्यदेखि जटिल प्रकारका विवाद समाधानका लागि स्थानीय तहमा उजुरी लिएर आउने नागरिकको संख्या बढ्दै गएको छ । गत आर्थिक वर्षमा दर्ता भएका अधिकांश मुद्दा भने मेलमिलापमा टुंगिएका छन् । १ हजार ७८९ मा ३३६ मुद्दा फैसला भएका छन् भने ८०५ मेलमिलापमार्फत टुंगो लागेका छन् । तथ्यांकअनुसार हालसम्म २९४ विवाद न्यायिक समितिमै विचाराधीन अवस्थामा छन् । मेलमिलाप हुन नसकी ३९ मुद्दा अदालत पठाइएको छ भने ४० मुद्दामा पुनरावेदन गरिएको छ । कुल विवादको ३ प्रतिशत मात्रै मुद्दा पुनरावेदन गर्दै अदालत गएको पाइएको छ ।

न्यायिक समितिमा परेका विवादमध्ये सबैभन्दा धेरै घरजग्गा सिमानासम्बन्धी रहेका छन् । यस प्रकृतिका ३५१ विवाद दर्ता भएका छन् । यस्तै लेनदेनसम्बन्धी १४५ र मानाचामलसम्बन्धी २१३ वटा मुद्दा दर्ता भएका छन् । विवादको प्रकृतिअनुसार हेर्दा ज्याला मजदुरीसम्बन्धी १०२, कुटपिट १४, बाटो प्रयोग गर्न नदिएको ५५, अन्यको जग्गा आवाद ७८, पानीघाट ४१, ज्येष्ठ नागरिकका समस्या ४२, घरभाडा ३८, घरेलु हिंसा २८ र सार्वजनिक जग्गा विवाद २७ रहेका छन् । यस्तै बालबालिकासम्बन्धी २२ वटा विवाद दर्ता भएका छन् भने अन्य शीर्षकमा ४८२ मुद्दा दर्ता भएका थिए ।

न्यायिक समितिमा आएका अधिकांश विवाद मेलमिलापमार्फत समाधान हुनु सकारात्मक पक्ष भएको बागलुङ नगरपालिकाका उपप्रमुख तथा नायिक समितिका संयोजक राजु खड्काले बताए । खड्काले प्रदेशका न्यायिक समितिको अवस्था देखाउन गण्डकी प्रदेश न्यायिक समितिको पुस्तकसमेत बागलुङ नगरपालिकाले प्रकाशन गरेको उल्लेख गरे । स्थानीय तहमा नै विवाद समाधान हुँदा समय र खर्च दुवै बचत हुने भएपछि न्यायिक समितिमा क्रमशः उजुरी बढ्न थालेको छ ।

स्थानीय तह स्थापनाको पहिलो कार्यकालमा नगन्य मात्रमा उजुरी आउने गरे पनि दोस्रो कार्यकालमा उजुरीको संख्या बढ्न थालेको खड्काको भनाइ छ । उनले जटिल प्रकृतिका विवाद भने अदालतसम्म पुग्ने गरेको बताए ।

## लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मितिः–२०८२।०९।०९**

**लिलाम बढाबढ बोलपत्र आव्हान सूचना नं.–: NEA/BDC-2082/083/LILAMI-01**

नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र, दुधपाटी भक्तपुरमा रहेका पुराना काम नलाग्ने सामानहरु जे जस्तो अवस्थामा रहेका छन, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/व्यक्तिबाट बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले तिसौं दिनसम्म E-bid मार्फत बोलपत्रदाताले फर्म/कम्पनीदर्ता, कर दर्ता प्रमाणपत्र र हाल सम्मको नविकरण/कर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकद्धारा प्रमाणित प्रतिलिपि तथा व्यक्तिको हकमा पान नं र नागरिकता प्रमाणपत्रको नोटरी पब्लिकद्धारा प्रमाणित प्रतिलिपि सहित ने.वि.प्रा. भक्तपुर वितरण केन्द्रको नबिल बैंक लिमिटेड सल्लाघारीमा रहेको धरौटी खाता नं. **00201017505483 (Account Name NEA BHAKTAPUR DISTRIBUTION CENTER)** मा रकम रु.१,५००।०० जम्मा गरी सो को सक्कल भौचर समावेश गर्नु पर्नेछ ।
२. सूचना प्रकाशित भएको मितिले एकतिसौं दिन दिनको १२:०० बजेसम्ममा ने.वि.प्रा. E-bidding मार्फत बोलपत्र दर्ता गरि सक्नुपर्नेछ । बोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा ने.वि.प्रा. भक्तपुर वितरण केन्द्र, भक्तपुरमा (बोलपत्रदाताका प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा नपर्ने) खोलिनेछ । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने मितिमा विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिनेछ ।
३. E-Bid Document मा Bid security Fee बापत रकम जे सुकै भएतापनि बोलपत्रमा आफूले कवोल गरेको रकमको १० (दस) प्रतिशत बराबरको नगद भक्तपुर वितरण केन्द्रको नाममा रहेको नबिल बैंक लिमिटेड सल्लाघारीमा रहेको धरौटी खाता नं. **00201017505483 (Account Name: NEA BHAKTAPUR DISTRIBUTION CENTER)** मा जम्मा गरी सो को सक्कल भौचर वा नेपाल स्थित 'क' वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० (नब्बे) दिन म्याद भएको विना शर्तको बैंक जमानतपत्र समावेश हुनु पर्नेछ ।
४. सामानहरु जे जस्ता अवस्थामा छन् सोही अवस्थामा लैजानु पर्नेछ । मिटरको हकमा कार्यालयको प्रतिनिधीको रोहवरमा मिटर खोली, फुटाई, सिलविगारी पुनः प्रयोग नहुने अवस्थामा लैजानु पर्नेछ । लिलाम हुने पुराना सामानमा कर लाग्ने भएमा नियमानुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित बोलपत्रदाताले तिर्नु बुझाउनु पर्नेछ ।
५. प्रस्तुत लिलामी सामानहरुका न्युनतम मूल्यांकन रकम मु.अ. कर बाहेक **रु. ५१,८२,१४९।१० एकाउन्न लाख बयासि हजार एक सय उनन्चास रुपियाँ र पैसा दश मात्र** रहेको छ । न्युनतम मूल्यांकन रकम भन्दा माथि सबै भन्दा बढी मूल्य कवोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।
६. लिलाम सकार गरेको जिन्सी मालसामान प्राधिकरणले तोकेको अबधिभित्र कवोल गरेको पूरा मूल्य बुझाई नउठाएमा राखिएको घरौटी जफत गरी जफत रकममा नघट्ने गरी त्यस पछिको अधिकतम रकम कबुल गर्ने क्रमशः दोश्रो, तेश्रो वा चौथो बढीवालाको बोल कबोल रकम स्वीकृत गर्न सकिनेछ ।
७. लिलामीमा रहेका सामानहरु भक्तपुर वितरण केन्द्र, दुधपाटी, भक्तपुरमा आइ हेर्न सकिनेछ । अन्य विस्तृत जानकारीका लागि ने.वि.प्रा.को website: **nea.org.np** or **www.bolpatra.gov.np/egp** मा हेर्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०१–६६१०९४९ मा सम्पर्क गर्न सकिनेछ ।

# सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै

सौर्य समाचार



रौतहट । रौतहटका सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै गएको छ । मंगलबार हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर-४ र ६ ले वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनसम्बन्धी अन्तरक्रिया आयोजना गरिएको थियो । सो अन्तरक्रियामा चन्द्रपुर सबडिभिजन वन कार्यालयका प्रमुख अनिल महतोले दिगो वन व्यवस्थापन कार्यक्रमले हातेमालो सामुदायिक वन उपभोक्ता समूह देशकै नमुना सामुदायिक वनको रूपमा स्थापित भएको बताए । सो सामुदायिक वनको कुल क्षेत्रफलको २८२ हेक्टरमध्ये २७४ हेक्टर वन क्षेत्र उत्पादनशील रहेको उनले जानकारी दिए । ८ वटा आवधिक खण्ड बनाएर संरक्षण गरिँदै आएको उक्त सामुदायिक वनमा बालीचक्र ८० वर्ष कायम गरेर वन संरक्षण कार्ययोजना बनाइएको वन अधिकृत महतोले जानकारी दिए । एक खण्डमा करिब साढे ३४ हेक्टर जंगल रहेको र एक खण्डलाई १० वटा भागमा विभाजन गरी दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । चालु आर्थिक वर्षमा मात्रै साढे ३ हेक्टर वन क्षेत्रमा १ हजार ६९७ रुखमध्ये २७२ वटा रुख माउ रुखको रूपमा कायम गरिएको र बाँकी १ हजार ३२५ वटा रुख पुनःउत्पादन तथा कटानका लागि सिफारिस गरिएको छ ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जिल्लामा ३ वटा सामुदायिक वन र एउटा साझेदारी वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागू भएको जानकारी दिए । तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूह, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह र हातेमालो सामुदायिक वन उपभोक्ता समूह तथा रंगपुर साझेदारी वन उपभोक्ता समितिमा सो कार्यक्रम लागू भएको उनको भनाइ छ । सामुदायिक वन उपभोक्ता महासंघ रौतहटका अध्यक्ष बेदहरी दाहालले दिगो वन व्यवस्थापन कार्यक्रम इमानदारीका साथ काम गरे फाइदैफाइदा हुने बताए । हातेमालो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामलाल ठोकरले आफूले नेतृत्व गरेको सामुदायिक वन साल उत्पादन तथा संरक्षणमा देशमै नमुनाको रूपमा परिचित हुँदै गएको उल्लेख गरे ।


## Dudhauli Municipality
## Office Of The Municipal Executive
**Dudhauli, Sindhuli**
**Bagamati Province, Nepal**

## Invitation for Sealed Quotation

**First Date of publication: 2082/09/09**

1. The Dudhauli Municipality invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Computer and Printer.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli Municipality-9, Dudhauli, Sindhuli, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Bidding Details**

| S. N. | Contract identification and number | Description of works | Price of Bid Document | Bid Security NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | 02/SQ/GOODS/DMUN/2082-83 | Supply and Delivery of Computer and Printer. | 1,000/- | 29,000/- | |

*Chief Administrative Officer*

## हरिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**हरिपुर, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२।०९।०९**

प्रस्तुत विषयमा यस नगरपालिकाबाट सौर्य राष्ट्रीय दैनिक पत्रमा २०८२/०८/०१ गते प्रकाशित सूचना अनुसार देहायको कार्यको लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये न्युनतम सारभुत रुपमा प्रभावग्रही भएको तपसिलको वोलपत्र स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ दिन अवधिको यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नम्बर | सारभुत रुपमा प्रभावग्रही भएको वोलपत्रदाताको नाम | कवोल अंक मू.अ.कर सहित | कामको विवरण |
|---|---|---|---|---|
| १ | ०८-२०८२/०८३ | अमन निर्माण सेवा, नेत्रगंज-१, सर्लाही | २२,०६,८९०।- | लखनदेही खोलाको वडा नं ८ को नहरको पुलदेखि वडा नं ९ को पिडारीसम्म नदी जन्य पदार्थको उत्खन्न तथा बिक्री वितरण कार्य |

**प्रमुख प्रशासकीय अधिकृत**

## जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कुश्मीसेरा, बागलुङ**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति : २०८२/०९/०९**

यस कार्यालयबाट निम्नानुसारको कार्य खुल्ला बोलपत्रको माध्यमबाट गर्न/गराउनका लागि मिति २०८२/०७/१८ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बमोजिमका बोलपत्रहरु स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ यो सात (७) दिने आशयको सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | छनौट भएका बोलपत्रदाता | कबोल अंक रु. (VAT र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | JM/BAGLUNG/NCB/W/R/02/2082/83 | Upgrading work at Kusmishera Sarkuwa biharthala 8 number ward office road | मिलनसार कन्सट्रक्सन एण्ड सप्लायर्स, टोखा -११, काठमाण्डौ | १,०४,६४,९९८/४० (एक करोड चार लाख चौसट्ठी हजार नौ सय अन्ठान्नब्बे रुपैया चालिस पैसा) | |
| २ | JM/BAGLUNG/NCB/W/R/03/2082-083 | Upgrading of Nwar Dhik Dhullu Biharthala Road | मिलनसार कन्सट्रक्सन एण्ड सप्लायर्स, टोखा -११, काठमाण्डौ | ६८,१६,६७२/०५ (अठसट्ठी लाख सोह्र हजार छ सय बहत्तर रुपैया पाँच पैसा) | |
| ३ | JM/BAGLUNG/NCB/W/B/04/2082-083 | Construction of Health Post Building Including Infrastructure at ward no. 3 | एस एन आर निर्माण सेवा, अरमान-६ पोका, म्याग्दी | ३०,६०,१६७/- (अक्षरुपी तिस लाख साठी हजार एक सय सतसट्ठी रुपैया मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# ‘विद्यालय बन्द’को गलत नजीर नदोहोरियोस्

खासै नाम नसुनिएको विद्यार्थी संगठनको आह्वानमा सोमबार काठमाडौँ उपत्यकाका विद्यालयहरू बन्द भएको घटनाले नेपाली समाजमा अहिले पनि भदौ २४ को विध्वंशको त्रास बाँकी नै रहेको पुष्टि गरेको छ । यो घटनाले शनिबार अन्तरिम सरकारका १०० दिने उपलब्धि प्रस्तुत गर्ने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले गरेको सम्बोधनप्रति विद्यालय सञ्चालक, शिक्षक, विद्यार्थी तथा अभिभावक आश्वस्त बनेको देखिएन । एकातिर सरकारले डर त्रासरहित वातावरणमा आमनिर्वाचन हुने अवस्था बनिसकेको दाबी गर्नु, अर्कोतिर नामै नसुनिएको विद्यार्थी संगठनको आह्वानमा राजधानी काठमाडौँ उपत्यकाका विद्यालयहरू ठप्प हुनु भनेको मलुक थप गम्भीर परिस्थितितर्फ धकेलिँदै छ भन्ने संकेत हो । जनपक्षीय विद्यार्थी संगठनका नाममा प्रस्तुत गरिएका १८ बुँदे मागप्रति ऐक्यबद्धता जनाएर विद्यालयहरू बन्द भएका होइनन्, डर त्रासका कारण बन्द भएका हुन् भन्ने कुरा सत्य हो । किनकि उक्त संगठनद्वारा उठाइएका अधिकांश मागहरू शैक्षिक समस्या समाधान गर्नेभन्दा पनि राजनीतिक एजेन्डा केन्द्रित देखिन्छन् । उदाहरणका लागि विदेशमा रहेका सम्पूर्ण नेपाली नागरिकलाई आगामी चुनावबाट नै मताधिकार सुनिश्चित गरिनुपर्ने, अतिक्रमित नेपाली भूमि फिर्ता ल्याउनुपर्ने, प्रतिनिधिसभाको निर्वाचन मितिमै प्रदेश र पालिकाहरूको पनि चुनाव गराइनुपर्ने लगायतका मागहरू विशुद्ध राजनीतिक हुन् । ज्ञापनपत्र दिन गएका संगठनका नेताहरूसँग शिक्षामन्त्री महावीर पुनले माग सम्बोधन गर्ने सामर्थ्य आफूमा नरहेको स्पष्ट गरेपछि संगठनले एकसाताको पूर्व सूचना दिएरै उपत्यकाव्यापी शैक्षिक हड्तालको आह्वान गरेको थियो । तर सरकारले यो एकसाताको समयलाई खेर फाल्दा समाजमा थप डर त्रासको सन्देश गएको छ ।

जसरी माओवादी द्वन्द्वकालमा नेपाल बन्दको हल्ला चल्नासाथ व्यवसायीहरू सटर बन्द गरेर घरमा बस्थे, त्यसरी नै शैक्षिक हड्तालको हल्ला चल्नासाथ विद्यालय बन्द हुने अहिलेको अवस्थालाई गम्भीर रूपमा लिनु जरूरी छ । चाहे स्थानीय होस्, वा संघीय, सरकारमा रहनेहरूले आफ्नो योग्यता र क्षमता देखाउने भनेको यस्तै तरल परिस्थितिमा हो । यो मामिलामा अन्तरिम सरकार मात्रै होइन काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाह पनि चुकेका छन् । यदि यो शैक्षिक हड्तालको आह्वानप्रति उनी बेखबर थिए भने उनी स्वयंको कमजोरी हो । थाहा पाएर पनि बेवास्ता गरेका हुन् भने उनको नियतमाथि पनि प्रश्न उठ्छ । किनकि मेयर शाहको एउटा सानो फेसबुक स्टाटसले पनि अहिले ठुलो अर्थ राख्छ । त्यसो त राज्यको सर्वोच्च जिम्मेवारीमा रहनेहरूले असम्भव आश्वासन दिनु हुन्न । आगामी फागुन २१ मा हुने आमनिर्वाचनमा विदेशमा बस्ने आमनेपालीहरूलाई मतदानको व्यवस्था गर्न सम्भव छैन भन्ने कुरा ध्रुवसत्य हो । तर यस्तो असम्भव मामिलामा पनि प्रधानमन्त्री कार्कीले आश्वासन दिन बाँकी राखिनन् । तर उनको यही आश्वसन फागुन २१ का लागि तोकिएको आमनिर्वाचन विथोलिने माध्यम बन्ने त होइन भन्ने आशंका सोमबारको शैक्षिक हड्तालका आयोजकहरूले अघि सारेको माग तथा शैक्षिक हड्तालको ‘सफलता’ले उत्पन्न गराएको छ ।

लोकतन्त्रमा आफ्ना माग राखेर सडकमा प्रस्तुत हुने अधिकार प्रत्येक नागरिकलाई हुन्छ । आफ्ना माग पूरा गराउन शान्तिपूर्ण दबाबका हरेक उपाय अवलम्वन गर्ने अधिकार पनि लोकतन्त्रकै मर्मअन्तर्गत पर्छ । तर माग प्रस्तुत गर्ने तथा दबाब दिनेहरूले पनि देशप्रतिको आफ्नो जिम्मेवारी तथा कर्तव्यलाई बिर्सन मिल्दैन । अहिले विद्यालयमा पठनपाठन गरिरहेका विद्यार्थी भनेका भविष्यका कर्णधार हुन् । आफ्नो राजनीतिक आस्थासँग जोडिएको माग पूरा गर्ने नाममा विद्यार्थीहरूलाई पठनपाठनको अवसरबाट वञ्चित गर्ने कार्यक्रम ल्याउनु कुनै पनि हालतमा तर्कसंगत हुँदैन । हाम्रो देशको शैक्षिक क्षेत्र तहसनहस हुनुका धेरै कारणमध्ये एउटा मुख्य कारण यही हो । अहिलेका विद्यमान प्रमुख राजनीतिक दलहरूले कुनै बेला यो गलत अस्त्र प्रयोग गर्नुको परिणाम यतिबेला मुलकले भोगिरहेको छ । यस्तो अस्त्र गलत भएको महसुस गर्दै साविकका राजनीतिक दलहरू पछुताइसकेका छन् र विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिसकेका छन् । राजनीतिक दलहरूले विगतमा गरेको त्यही गलत क्रियाकलापको सिको आफूलाई नयाँ दावी गर्नेहरूबाट हुनु मुलुकका लागि अत्यन्त खराब संकेत हो । आफ्ना राजनीतिक आस्थासँग जोडिएका माग पूरा गर्ने नाममा स्कुले बालबालिकालाई अचानो बनाउने सिलसिला सधैँका लागि बन्द गर्नुपर्छ । यस्तो सिलसिला ब्युँताउनेहरूलाई समाजले पनि हिम्मतका साथ बहिष्कार गर्न सक्नुपर्छ ।

# नेपाली राजनीतिमा असहिष्णु र अस्थिर शक्तिको उदय



दिनेश रायमाझी

“देशले २०७२ सालमा संघीय गणतन्त्रको नयाँ संविधान पनि पायो, जसमा बहुसंख्यकले जनताले धेरै खुसी मनाए, तर त्यसबाट पनि जनताको वास्तविक अपेक्षा पूरा हुन सकेन । त्यसबाट देशमा शान्ति त आयो, तर दलहरू सुध्रिएनन् र जनताका अपेक्षामाथि कुठाराघात हुँदै गए । यहीँबाट एउटा “वैचारिक र व्यावहारिक शून्यता” को सुरुआत भयो, जसले नयाँ शक्तिको लागि ठाउँ बनाइदियो ।

नेपालको राजनीतिक परिदृश्य यो दशकमा गम्भीर रूपान्तरणको साक्षी बनेको छ । परम्परागत रूपमा नेपाली कांग्रेस, नेकपा(एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) जस्ता दलहरूको प्रभुत्व रहिआएको राजनीतिक मैदानमा अहिले एउटा नयाँ, असहिष्णु र अस्थिर शक्ति उदाएको छ । यो शक्ति व्यक्तिकेन्द्रित, सामाजिक सञ्जालमा सक्रिय र पुराना राजनीतिक संरचना, संस्कार र नेतृत्वप्रति घोर वितृष्णा राख्ने ‘सिस्टमविरोधी’ र पपुलिस्ट रहेको छ ।

नेपालको आधुनिक राजनीतिक इतिहास परिवर्तनको खोजीको इतिहास हो, तर यस्तो प्रायःजसो खोजको अन्त्य भने अक्सर गरेर सम्झौतामा गएर टुंगिने गरेको छ । २००७ सालको जनक्रान्तिले राणाशासनको अन्त्य त गऱ्यो, तर स्थायी प्रजातान्त्रिक संस्कृति हुर्काउन त्यो असफल रह्यो । २०१५ सालमा भएको आमनिर्वाचनले पनि प्रजातान्त्रिक संरचना बनाएर प्रजातान्त्रिक मार्गलाई स्थापित गर्न सकेन । २०४६ सालको जनआन्दोलनपछि प्राप्त संसदीय प्रजातन्त्र, र २०६२/०६३ सालपछि शाही एकतन्त्रको अन्त्य भएर गणतन्त्रको स्थापना जस्ता परिवर्तनहरूले नेपाली राजनीतिक उन्नतिको एउटा दिशा बताउने भएता पनि, यी परिवर्तनहरूको केन्द्रमा भने सधैँ एउटै पार्टी र एउटै चरित्रका मात्रै नभएर एउटै नेतृत्वसमेत रहिरहेका कारणले हुनुपर्छ, ती सबै नै जितमा नभएर सम्झौतामा गएर टुंगिएका थिए ।

अहिलेको सन्दर्भमा २०४६ साल पहिलेको कुरा गर्नुको खासै अर्थ देखिन्न । यसपछिका सबैखाले परिवर्तन पनि जनअपेक्षा पूरा गर्न सफल हुन सकेनन्, बरू यो अलोकप्रिय नै हुन गयो । देशले २०७२ सालमा संघीय गणतन्त्रको नयाँ संविधान पनि पायो, जसमा बहुसंख्यकले जनताले धेरै खुसी मनाए, तर त्यसबाट पनि जनताको वास्तविक अपेक्षा पूरा हुन सकेन । त्यसबाट देशमा शान्ति त आयो, तर दलहरू सुध्रिएनन् र जनताका अपेक्षामाथि कुठाराघात हुँदै गए । यहीँबाट एउटा ‘वैचारिक र व्यावहारिक शून्यता’ को सुरुआत भयो, जसले नयाँ शक्तिका लागि ठाउँ बनाइदियो । यसरी हेर्दा सिस्टमविरोधी नयाँ नेतृत्वको उदयको सबैभन्दा ठुलो कारणको रूपमा परम्परागत राजनीतिक दलहरूको वैचारिक र नैतिक दिवालियापन हो भन्दा फरक पर्दैन । आजसम्मको नेपाली राजनीतिको विश्लेषणले पनि के देखाउँछ भने नेपाली कांग्रेस र एमाले, नेकपाजस्ता प्रमुख दलहरूको बीचमा अब व्यावहारिक रूपमा कुनै भिन्नता छैन ।

सिद्धान्त तिनीहरूका बाहिरी आभूषण मात्रै हुन् । सबैको समान अर्थनीति छ । नेपाली कांग्रेस- खुला बजार, निजीकरण, एमाले/नेकपा- खुला बजार, निजीकरण । व्यावहारिक भिन्नता कुनै मुद्दा रहेन, सत्तामा जाने कुरा नै मुख्य ध्येय देखिन्छ । सुशासनमा पनि उस्तै समानता छ । नेपाली कांग्रेस - भ्रष्टाचारीको संरक्षण । एमाले/नेकपा - भ्रष्टाचारीको संरक्षण । व्यावहारिक भिन्नता कतै पनि छैन । समानता भनेको कुशासनमा पाइन्छ ।

विदेश नीति : नेपाली कांग्रेस - शक्तिशाली राष्ट्रको इशारामा चल्ने द्वैध चरित्र । एमाले/नेकपा - शक्तिशाली राष्ट्रको इशारामा चल्ने द्वैध चरित्र । व्यावहारिक भिन्नता पाइन्न । युवा नीति : नेपाली कांग्रेस - युवा निर्यात (पलायन) । एमाले/नेकपा - युवा निर्यात (पलायन) । व्यावहारिक भिन्नता छैन । सबैले वैदेशिक रोजगारीको गन्तव्य खोज्ने विदेश तथा श्रम नीति अवलम्बन गरिरहेका थिए ।

यसरी कांग्रेसको ‘प्रजातान्त्रिक समाजवाद’, एमालेको ‘बहुदलीय जनवाद’ तथा नेकपाको ‘वैज्ञानिक समाजवाद’ बीचको भिन्नता केबल शब्दावलीमा मात्रै सीमित छ, दस्तावेजमा मात्रै सीमित रहेको छ । उनीहरू अब एकअर्काको वैकल्पिक शक्तिभन्दा पनि एउटै दलका अलग-अलग स्वार्थ समूहजस्ता बनेका छन् । यसले गर्दा राजनीतिमा एउटा ठुलो वैचारिक शून्यता पैदा हुन गयो, जहाँ सिद्धान्त र व्यवहारवाद न्यून, अवसरवाद अधिकको संस्कृति हावी भयो । यही अवसरवाद र स्वार्थकेन्द्रित राजनीतिप्रति आममानिसमा रिस उठ्यो, उनीहरू विरुद्धमा उभिए । यसले नै नयाँ सिस्टमविरोधी डिस्कोर्स निर्माण गर्न र तदनुसारको नेतालाई जन्म दिने अवस्थाको निर्माण हुन गयो । अहिले सतहमा यो नेतृत्व हावी भएको देख्न सकिन्छ । यी नयाँ नेतृत्वहरूको उदय केबल वैचारिक शून्यतामा मात्र भएको होइन, उनीहरूको सुझबुझपूर्ण रणनीतिक सञ्चारले पनि सहयोग गरेको हो । उनीहरूको चरित्र र रणनीतिलाई तलका बुँदाहरूमा बुझ्न सकिन्छ ।

### क) सामाजिक सञ्जालको अधिकतम सदुपयोग :

उनीहरूले टेलिभिजन र पत्रपत्रिकाजस्ता परम्परागत मिडियालाई स्थापित स्वार्थको पक्षपातपूर्ण हतियार भनेर खारेज गरे । मुख्य मिडिया हाउसलाई १२ भाई भनेर खिल्ली उडाउने र उनीहरूप्रति वितृष्णा पैदा गराउने प्रयास गरिरहेका छन् । सोसल मिडियामार्फत् सिधै जनतासँग जोडिने, भिडियो, लाइभ र प्रतिक्रियाको सम्बन्ध कायम गर्ने र आफूलाई जनताको सधैँ उपलब्ध मित्रको रूपमा प्रस्तुत गर्ने उनीहरूको रणनीति हो । यसले गर्दा एउटा आभासी नजिकतापन र प्रत्यक्ष लोकतन्त्रको भ्रम सिर्जना गराउन सफल भएका छन् । उनीहरू वास्तविक समयमा जनतासँग सम्पर्क बनाइरहेका छन् ।

### ख) भावनात्मक अपिल

यो समूहका नेताहरूले वैचारिक बहसलाई नकारेर सिधा भावनालाई सम्बोधन गर्छन् । राष्ट्रिय स्वाभिमानलाई हामी र ती (अर्थात् साधारण जनता र भ्रष्ट एलिट) को सरल विभाजनमा ढाल्छन् । नेपालको बहुजातीय, बहुभाषिक समाजमा पहिचानको राजनीति अत्यन्तै संवेदनशील र प्रभावकारी हुन्छ । संविधानले देशलाई बहुसांस्कृतिक भने तापनि सत्ताको केन्द्रीकृत संरचनाले विविधतालाई पूर्णरूपमा समेट्न सकेन । यस अधुरा पहिचानको खोजी र असन्तुष्टिलाई नयाँ भनिनेहरूले आफ्नो पक्षमा राजनीतिकरण गर्न चाँडो र प्रभावकारी ढंगले सिकेका छन् ।

### ग) ‘कार्य र नतिजा’ को नारा

उनीहरू ‘विचारधारा’लाई अप्रासंगिक, बुद्धिजीवीलाई दूरस्थ र कार्य र नतिजालाई राजनीतिको एकमात्र कसौटी मान्दछन् । विचारभन्दा राष्ट्र जरूरी रहेको कुरा गर्छन् । यस्तो भावनात्मक कुरा गरेर जनताको आकांक्षा, रोजगारी, महँगी, न्याय र इमानदार शासन यसैले पूरा गराउन सक्छ भन्ने भ्रम छर्न सफल भएका छन् । यो बाटो जटिल नीतिगत बहसभन्दा अलि परको र सजिलो तथा आकर्षक वैकल्पिक बाटो बनेको छ । कांग्रेस, एमाले, नेकपाजस्ता संघर्षबाट आएका पार्टीहरूले सिद्धान्त र नारामा जति ध्यान दिए योग्य नेतृत्व र उचित नीति तथा कार्यान्वयनमा ध्यान नदिँदा जनता कार्य र नतिजाको नारा दिनेप्रति आशावादी बन्नु स्वभाविक हुन जान्छ ।

### घ) पुरानोविरुद्ध नयाँ

जनताको पक्षमा हामी मात्रै छौँ भन्ने छवि निर्माणलाई सबैभन्दा महत्त्वपूर्ण रणनीति बनाएर आफूलाई पुरानो, भ्रष्ट, स्वार्थी राजनीतिक सिस्टमको पूर्ण विरोधीको रूपमा स्थापित गर्ने ठुलो कसरत गरिरहेका छन् । उनीहरू आफूलाई एलिटभन्दा साधारण, नयाँ र जनताको पक्षमा उभिएको अनुहार भनेर देखाउँछन् । यो विकल्पको भावना विशेषगरी युवा र सहरी मध्यम वर्गमा गहिरो प्रतिध्वनित भइरहेको छ ।

### घ) सामाजिक–आर्थिक आकांक्षा

यो नयाँ लोकप्रियता केबल रणनीतिक मात्र होइन, यो नै ठोस सामाजिक-आर्थिक जनआकांक्षाको प्रतिफल दिने राजनीतिक बाटो हो भनेर भनिरहेका छन् । दीर्घकालीन राजनीतिक अस्थिरता, भ्रष्टाचार, न्यून आर्थिक वृद्धि, युवा बेरोजगारी र बढ्दो जीवननिर्वाह खर्चले नेपाली समाज, विशेषगरी युवा पुस्तालाई गहिरो रूपमा असन्तुष्ट बनाएको छ । जनताले संविधानपछि दलहरू सुध्रिनेछन् भन्ने आशा गरे, तर ती दलहरू विचार र व्यवहार फेर्न असमर्थ रहे । यिनै कुराहरूलाई उनीहरूले भजाएर उनीहरूप्रति वितृष्णा सृजना गराउने मुख्य स्रोत बनाएका छन् । यो नेतृत्वले यही वितृष्णालाई आफ्नो राजनीतिक पुँजीमा परिणत गर्ने हरप्रयास गरिरहेका छन् र केही हदसम्म सफल पनि भएका छन् । पुरानो नेतृत्व देख्ने बित्तिकै युवाहरूले भ्रष्टाचारी नेता भनेर भन्न थालेका छन्, यसैको परिणाम हो ।

### ङ) संस्थागत दुर्बलता र बाह्य प्रभाव

नेपालको भू-राजनीतिक स्थितिले पनि यसलाई प्रभाव पारेको छ । ऐतिहासिक रूपमा नेपालको आन्तरिक राजनीतिमा विदेशी, विशेष गरी दक्षिणी छिमेकीको प्रभाव रहिआएको छ भन्ने आमधारणा रहिआएको छ । तर पछिल्ला वर्षमा अर्को छिमेकी चीनले पनि नेपाली राजनीतिमा सक्रिय भूमिका खेल्न थालेको छ । र यसको अलावा अमेरिकी प्रभाव पनि लगातार बढिरहेको भनेर पनि भनिन्छ । केही विश्लेषकहरूको भनाइमा, सत्तारूढ दलको आन्तरिक झगडा मिलाउन चिनियाँ राजदूतले नेताहरूको घरघरमा पुगेर भेट गरेको भन्ने पनि रहेको छ । यस खालको व्यवहारले देशलाई बाह्य प्रभावमा लैजाने र बाह्य हस्तक्षेपले देशभित्र राष्ट्रिय स्वाभिमानको प्रश्नलाई झन् बलियो बनाउँछ, जसलाई सिस्टमविरोधी नेतृत्वले आफ्नो लाभका लागि प्रयोग गर्ने कोसिस गरिरहेका छन् ।

### च) चुनौती र भविष्य

भावनात्मक अपिलले छिटो समर्थन जुटाउन सक्छ, तर दीर्घकालीन राजनीतिक परियोजना र शासनको दिशा निर्धारण गर्न विचारधारा वा सुस्पष्ट सिद्धान्त नै आवश्यक हुन्छ । विचार र सिद्धान्तको अभावमा ‘पपुलिस्ट’ राजनीति प्रतिक्रियात्मक र अवसरवादमा पतन हुन जान्छ । यिनीहरूले उठाउने आन्दोलन व्यक्ति केन्द्रित हुन्छन्, संस्था केन्द्रित हुँदैनन् । देशमा रबी, बालेन, सुदन यस्ता व्यक्तिहरूको नाममा केन्द्रित रहेर आन्दोलनको निर्माण हुनसक्ने सम्भावना हामीले देखिरहेका छौँ । यस्ता आन्दोलनहरू नेता रहेसम्म रहन्छन् र त्यो पनि उनीहरूको मुखुन्डो नउघारिएसम्मका लागि मात्रै । नेता नभएपछि आन्दोलन पनि तुहिएर जान्छ । लामो समयसम्म टिक्न र सुशासन दिन संस्थागत हुनु अनिवार्य छ । कार्य र नतिजाको दबाबले अल्पकालीन, लोकलोभाउने नीतिहरू (पपुलिस्ट पोलिसी) लाई बढावा दिन गरेको देखिन्छ, जसले देशको दीर्घकालीन आर्थिक स्वास्थ्यलाई क्षति पुऱ्याउन सक्छ ।

पुराना जति सबै खराब भन्ने नकारात्मक सोचले लोकतान्त्रिक संवाद, समझदारी र समायोजनकारी बाटोलाई हतोत्साहित गर्छ । संसद्, न्यायपालिका जस्ता संस्थालाई सिस्टमको अंग भनेर कमजोर पार्ने प्रयास हुँदा समग्र लोकतान्त्रिक ढाँचा नै जोखिममा पर्न सक्छ । बालेनसँग कसैको पनि दोहोरो संवाद हुनसक्ने सम्भावना अति नै न्यून रहेको कुराले पनि लोकतान्त्रिक संवाद संकुचित हुन पुगेको कुरा सबैले अनुभव गरिरहेको अवस्था हो ।

### सारमा,

नेपालमा सिस्टमविरोधी लोकरञ्जनको उदय एउटा दुर्घटना वा आमराजनीतिक प्रवृत्ति होइन । यो ऐतिहासिक राजनीतिक परिवर्तनको अधुरोपन, परम्परागत दलहरूको वैचारिक दिवालियापन र बढ्दो अवसरवाद, सामाजिक सञ्जालको प्रभाव र भू-राजनीतिक हस्तक्षेपजस्ता जटिल कारणहरूको संयुक्त परिणाम हो । यसले नेपाली राजनीतिमा एउटा डरलाग्दो हलचल ल्याएको छ र पुरानो, जड प्रतिष्ठानलाई चुनौती दिएको छ ।

यो लहरले नेपाललाई सुशासन, रोजगारी र समृद्धिको मार्गमा लग्न सक्छ कि सक्दैन भन्ने प्रश्न अहं बनेर आएको छ, र यो अहिलेसम्म अनुत्तरित छ । यदि यो प्रवृत्ति केवल भावनात्मक भाषण, र पुरानो प्रतिष्ठान विरूद्धको रिसमा मात्रै सीमित रह्यो भने, यो नेपाली राजनीतिमा वर्षाको बाढीजस्तो हुनेछ जसले केबल क्षति मात्रै पुऱ्याउनेछ र जनतालाई हुने फाइदा खोस्नेछ । तर, यदि यसले आफ्नो वैचारिक खोक्रोपन भर्ने, संस्थागत रूप लिने, र राष्ट्र निर्माणको एउटा समावेशी, व्यावहारिक र जबाफदेही भिजन प्रस्तुत गर्न सक्ने हो भने, नेपाललाई परम्परागत दलहरूको गतिरोधबाट निकाल्न सहयोग गरी साँच्चै नयाँ राजनीतिक युगको सुरुआत गर्न सक्छ । तर अन्तिम निर्णय नेपाली मतदाता, जसले यस नयाँ शक्तिलाई केबल पुरानो प्रतिष्ठानप्रति प्रतिक्रिया स्वरूप होइन, भविष्य निर्माणको जिम्मेवार विकल्पको रूपमा हेर्ने प्रयास गरिरहेका छन्, तिनीहरूको हातमा छ ।

# कांग्रेसका आकांक्षी उम्मेदवारले आफैँलाई सोध्नुपर्ने प्रश्न



गोमा नेपाल

चुनावमा उम्मेदवार दावी गर्नुअघि आफूले आफैँलाई केही प्रश्न गर्नु जरुरी छ । के म उम्मेदवारका लागि साँच्चिकै योग्य व्यक्ति हो कि चाहना मात्रै हो ? वा अरू घोडा चढे भनेर धुरी चढ्न लाग्न लागेको ? पार्टीमा लागेर मैले के कति योगदान गरेको छु ? टिकट पाउने आधार के हो ? मैले सामाजिक क्षेत्रमा के के योगदान पुऱ्याएको छु ?

आमनिर्वाचनको मिति आउन अब करिब ७० दिन बाँकी छ । समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउने म्याद आउन त एक साता पनि बाँकी छैन । यही बीचमा मुलकको मियो पार्टी नेपाली कांग्रेसको आन्तरिक एकता झन् तरल हुँदै गएको छ । अहिलेको परिस्थितिमा नयाँ जनादेशद्वारा प्रतिनिधिसभा जन्माउनु सही समाधान हो कि विघटित प्रतिनिधिसभा पुनर्वहाली गर्नु सही समाधान हो भन्ने प्रश्नको बहस आफ्नो ठाउँमा छ । तर यो बहसमा जसरी एमाले एकढिक्का भएर उभिएको छ, नेपाली कांग्रेस त्यसरी एक ढिक्का हुन सकेको देखिएन । कि एमालेको जस्तै पार्टीगत निर्णय गरेर सबै निर्वतमान सांसदहरूले एकढिक्का भई रिट निवेदन दिनुपर्थ्यो, होइन भने फागुन २१ मा हुने आमचुनावमा केन्द्रित रहने गरी केन्द्रीय कार्यसमितिले गरेको सर्वसम्मत निर्णयमा आफ्ना सबै निवर्तमान सांसदहरूलाई अड्याउन सक्नुपर्थ्यो ।

नेपाली कांग्रेसको मुख्य सामर्थ्य भनेकै आन्तरिक एकता हो । जुनबेला नेपाली कांग्रेसमा आन्तरिक एकता बलियो भएको छ, त्यो बेला नेपाली कांग्रेसले चुनाव हार्नु परेको छैन । चुनावी तालमेल कांग्रेसको दोस्रो सामर्थ्य हो । आन्तरिक एकताबिना चुनावी तालमेल गर्नुको कुनै अर्थ छैन, झन् प्रत्युत्पादक हुन्छ । भुइँको टिप्न खोज्दा पोल्टाको पोखिएको जस्तो हुन्छ ।

आन्तरिक एकता बलियो बनाउनका लागि पहिलो सर्त हो, उम्मेदवार चयनमा बेइमानी हुँदैन भन्ने विश्वास पार्टी पंक्तिलाई दिलाउनु । भर्खर महाधिवेशन सम्पन्न भएका कारण आन्तरिक प्रतिस्पर्धाका क्रममा उत्पन्न मनमुटावको धङधडी आमनिर्वाचनका क्रममा केही न केही बाँकी रहने नै छ । त्यसैले उम्मेदवार चयन गर्दा मेरिटलाई भन्दा गुटलाई र चन्दा-फन्दाको मामिलालाई प्राथमिकता दिइएको महसुस कार्यकर्ता तथा मतदाताले गरे भने, जतिसुकै बलियो पार्टीसँग तालमेल गरे पनि कांग्रेसको उम्मेदवारले चुनाव जित्दैन । यसको संकेत गत आमनिर्वाचनमै देखिइसकेको छ ।

उम्मेदवार चयन गर्दा मेरिटलाई आधार बनाइयो भने अवाञ्छित रूपमा महत्वाकांक्षा राख्नेहरू आफैँ चाउरी पर्छन् । केबल टिकट दिएर पनि भएन । कस्ताले टिकट पाए त्यो महत्त्वपूर्ण छ । जसले टिकट पाए उनीहरू कसरी चुनाव जित्न खोज्दै छन् त्यो पनि त्यत्तिकै विचारणीय छ । केही यस्ता पनि टिकटका अपेक्षा राख्नेहरू छन् जो घुर्क्याउँदै हिँड्छन्, मैले टिकट पाइनँ भने म पार्टीलाई हराइदिन्छु । पार्टीप्रति निष्ठा नराख्ने केबल पदकै भोका हुनेलाई टिकट दिने कि नदिने ? यसबारे पनि सोच्नुपर्छ ।

आन्तरिक प्रतिस्पर्धालाई थाति राखेर विपक्षीसँग मुकाबिला गर्नुपर्ने बेला हो यो । मैले टिकट पाए जित्छु, अर्को साथीले पाए हेरौँला कसरी जित्दोरहेछ भन्ने आत्मकेन्द्रित विचारले आफू र संगठन कमजोर बनाउँछ । पार्टी आफ्नै बिर्ताजस्तो गरेर वर्षौं पद ओगटिरहने र आज उम्मेदवारीका आकांक्षी साथीहरूलाई सत्तोसराप गाली गर्ने व्यक्ति भोलि आफू उम्मेदवार बनिहाले पनि कसरी ती साथीहरू समटेन सकिएला भन्ने प्रश्नलाई मूल मन्त्र बनाउनु जरूरी छ ।

चुनावमा उम्मेदवार दावी गर्नुअघि आफूले आफैँलाई केही प्रश्न गर्नु जरूरी छ । के म उम्मेदवारका लागि साँच्चिकै योग्य व्यक्ति हो कि चाहना मात्रै हो वा अरू घोडा चढे भनेर धुरी चढ्न लाग्न लागेको ? पार्टीमा लागेर मैले के कति योगदान गरेको छु ? टिकट पाउने आधार के हो ? मैले सामाजिक क्षेत्रमा के के योगदान पुऱ्याएको छु ? भ्रष्टाचार नगरिकन मासिक ६० हजारको हाराहारीमा सरकारले दिने सेवा सुविधाले राजधानी काठमाडौँमा म र मेरो परिवार चलाउन सक्छु त ?

यसैगरी चुनावमा अन्य पार्टीले आफ्नो आलोचना गर्दा के म त्यो आलोचना सहन सक्छु ? मलाई जनता र कार्यकर्ताले रूचाएको छ कि म कसैको हनुमान मात्रै हुँ ? मैले जित्ने स्पष्ट जनाधार के के छ ? निर्वाचित भइसकेपछि मेरो काम कर्तव्य र अधिकार के के हो थाहा छ ? र मैले त्यो भूमिका बहन गर्न सक्छु ? मेरो गाउँ ठाउँ विकासका लागि मसँग के कस्ता योजना, भिजन के के छ ? मेरो हार भएमा मैले त्यो हार स्वीकार्न सक्छु ? के यसको जबाफदेही म हुन सक्छु ? यदि हारेँ भनेँ हारेको भोलिपल्टैदेखि गाउँमा बसेर आफूलाई आएको मतको संरक्षण गरेर अर्कोपटक जित्ने वातावरण बनाउन सक्छु ? आफू निर्वाचित भएपछि जनमुखी काम गर्ने आधारहरू के के छन् ? आफूले आफैँलाई यी प्रश्नहरू सोधौँ । सके अरूलाई पनि सोधौँ, नसके श्रीमान्, श्रीमती या छोराछोरीलाई सोधौँ । अनि मात्रै उम्मेदवारीको दावी गरौँ ।

युद्ध जित्न कुशल रणनीति चाहिन्छ । निर्वाचन भनेको ‘ ब्यालेट’ को माध्यमबाट लडिने युद्ध हो । चुनावी हार-जितका लागि एउटा मतको पनि धेरै ठुलो महत्त्व हुन्छ । कहिलेकाहीँ त यस्तो परिस्थिति बन्छ कि एउटा मात्रै मत पनि निर्णायक हुन्छ । टाढा जानु पर्दैन । उदाहरणका लागि गण्डकी प्रदेशसभामा कुनै बेला स्वतन्त्र सांसद दीपक मनांगे सरकार गठनका लागि निर्णायक बने । स्वतन्त्र सांसद दीपक मनांगे जता लाग्छन्, उतैको पल्ला भारी हुने अवस्था बन्यो । त्यसैले कि त ५० प्रतिशतभन्दा बढी सिट आएको हुनुपऱ्यो होइन भने ४९ प्रतिशत सिटको सामर्थ्य र ४० प्रतिशत सिटको सामर्थ्यमा खासै फरक पर्दैन । विघटित प्रतिनिधिसभामा कांग्रेसको ८८ सिटभन्दा माओवादीको ३२ सिट महत्त्वपूर्ण बनेको उदाहरण हेर्न सकिन्छ ।

राजनीतिक दलले सत्ता स्वार्थलाई सर्वोपरी राख्नु उचित हो वा होइन भन्ने सन्दर्भमा आआफ्नै व्याख्या हुन सक्छन् । दृष्टिकोण फरकफरक हुन सक्छन्, तर चुनावमा होमिनुको मुख्य उद्देश्य भनेको सत्ता प्राप्ति नै हो । चुनाव जिते मात्रै सत्ता पाइन्छ । चुनाव जित्ने मुख्य आधार बनेको संगठन हो । सामान्यतः सबैभन्दा ठुलो संगठन भएको पार्टीको उम्मेदवारले चुनाव जित्छ, तर सानो संगठन भएका पार्टीहरू एकआपसमा तालमेल गरे भने ठुलो संगठन भएको पार्टीको उम्मेदवारलाई सजिलै चुनाव हराइदिन्छन् ।

कुशल रणनीति अपनाउन सकेको अवस्थामा सानो संगठन भएको पार्टीका उम्मेदवारले पनि चुनाव जित्ने अवस्था रहन्छ भने, कुशल रणनीतिको अभावमा ठुलो संगठन भएको पार्टीले पनि चुनाव हार्न सक्ने सम्भावना रहन्छ । यो उदाहरण हेर्न टाढा जानु पर्दैन । गत आमनिर्वाचन हेरे पुग्छ । करिब ११ प्रतिशत मत पाएकामध्ये माओवादीले ३२ सिट जित्यो भने रास्वपाले २० सिट जित्यो । यस्तो किन भयो भन्ने प्रश्नको उत्तर खोज्ने हो भने फेरि पनि चुनावी रणनीतिसँग जोडिन्छ ।

कडा प्रतिस्पर्धाका चुनावमा २-४ भोटको पनि ठुलो महत्त्व हुन्छ । वास्तवमा चुनावी राजनीतिको अंकगणित ज्यादै विचित्रको हुन्छ । कहिलेकाहीँ १ मा १ थप्दा ११ हुन्छ । तर, कहिलेकाहीँ १ मा १ थप्दा २ मात्रै हुन्छ । कुन ठाउँमा ११ हुन्छ ? कुन ठाउँमा २ मात्रै हुन्छ ? पार्टी संगठनको नेतृत्वकर्ताले विचार पुऱ्याउनुपर्ने भनेको यहीँनेर हो । उसले कुशलता प्रदर्शन गर्ने भनेको पनि यहीँनेर हो ।

जबसम्म एक्लै चुनाव जित्ने स्पष्ट अंकगणित पुग्दैन, तबसम्म तालमेलका लागि लचिलो हुनुबाहेक अर्को विकल्प रहँदैन । तर तालमेल गर्दा विचार पुऱ्याइएन भने भएको भोट पनि घट्न सक्छ । गत आमनिर्वाचनमा नेपाली कांग्रेसले तालमेलका क्रममा विचार पुऱ्याउन नसक्दा एक्लै उठ्दासमेत जितिने अवस्थामा रहेका निर्वाचन क्षेत्रसमेत गुमाउनुपऱ्यो । २०७४ सालमा एमाले र माओवादी तालमेल हुँदासमेत चुनाव जितेका क्षेत्रमा २०७९ सालको आमनिर्वाचनमा माओवादी, एकीकृत समाजवादी लगायतका पार्टीको साथ पाउँदासमेत कांग्रेसका उम्मेदवारले चुनाव हारे । क्याडरबेस पार्टीहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने मासबेस पार्टी नेपाली कांग्रेसले गम्भीर रूपमा ध्यान दिनुपर्ने भनेको यही मामिलामा हो । त्यसमाथि अब त नेपाली कांग्रेससँग प्रतिस्पर्धाका लागि मासबेस पार्टीहरूको समेत उदय भइसकेको छ ।

## पुस ९ गतेको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | अचानक कष्ट । | मिथुन | गृह सुख । | सिंह | अपमान । | तुला | असन्तोष । | धनु | अवरोध । | कुम्भ | चिन्ता । |
| वृष | कार्य सुख । | कर्कट | अशान्ति । | कन्या | लाभ । | वृश्चिक | वस्त्र लाभ । | मकर | कार्य सम्पन्न । | मीन | सुख । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



### पेट्रोल छर्केर आगो लगाई बुहारीको हत्या

# सासूसहित २ जना पक्राउ, ससुरा घाइते

सौर्य समाचार

काठमाडौं । पछिल्लो समय आपराधिक घटना बढिरहेका छन् । यसैक्रममा बुहारीलाई आगो लगाई हत्या गरेकोदेखि लिएर वैदेशिक रोजगारीमा ठगीसम्म छन् । सिन्धुलीमा पेट्रोल छर्केर आगो लगाई बुहारीको हत्या गरिएको हो । हत्या अभियोगमा सासू र नन्द पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयले मंगलबार एक विज्ञप्ति जारी गरी कमलामाई नगरपालिका-४ धुराफाँटकी ३२ वर्षीया सुशीला बम्जनको हत्या गरेको अभियोगमा ५९ वर्षीया सासू मायारानी बम्जन र ३५ वर्षीया नन्द मीना लामालाई पक्राउ गरिएको हो ।

अभियुक्तद्वयले गत आइतबार बुहारी सुशीलाको शरीरमा पेट्रोल छर्केर आगो लगाएका थिए । मृतकका पति विगत २ वर्षदेखि वैदेशिक रोजगारीमा थिए । घटनास्थलबाट जलेको शव प्रहरीले बरामद गरेको छ भने मृतकका ससुरा दुर्गामान घाइते भएका छन् । उनलाई उपचारार्थ काठमाडौं पठाइएको छ । अभियुक्तलाई जिल्ला अदालतबाट म्याद लिएर थुनामा राखिएको छ । घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कडा कारबाहीको माग गर्दै स्थानीयले मंगलबार जिल्ला प्रहरी कार्यालय घेराउ गरेका थिए ।

### रोमानिया पठाइदिने भन्दै १० लाखभन्दा बढी ठगी गरेको अभियोगमा २ जना पक्राउ

यस्तै, पोर्चुगल र रोमानिया पठाइदिने भन्दै १० लाख ५० हजार ठगी गरेको अभियोगमा २ जना पक्राउ परेका छन् । उनीहरूलाई प्रहरीले मंगलबार सार्वजनिक गरेको हो । ठगीको अभियोगमा तनहुँ भीमाद गाउँपालिका-५ का रोबिन जिआर तथा ओखलढुंगा सिद्धिचरण नगरपालिका-६ की ४८ वर्षीया गीतामाया मगरलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता काजीकुमार आचार्यले जानकारी दिए ।

अभियुक्त रोविनले पोर्चुगल पठाइदिने भन्दै १ जनाबाट २ लाख १० हजार र गीताले रोमानिया पठाइदिने भन्दै २ जनाबाट ८ लाख ४० हजार रुपैयाँ लिएका थिए । उनीहरूलाई वैदेशिक रोजगार विभाग पठाइएको छ ।

### नक्कली नम्बर प्लेटमा सञ्चालित गाडी प्रहरीको नियन्त्रणमा

यसैगरी, भारतबाट चोरी गरी ल्याई नक्कली नम्बर प्लेट प्रयोग गरेर सञ्चालन गरिरहेको ५ वटा बोलेरो गाडी कोसी प्रदेश ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ । ट्राफिक प्रहरी कार्यालयले मंगलबार इटहरीमा पत्रकार सम्मेलनको आयोजना गरी नियमित जाँच तथा अभिलेख परीक्षणका क्रममा 'इन्जिन' नम्बर परिवर्तन, रि-पञ्च गरिएको, रङ परिवर्तन, दर्ता अभिलेख नपुगेको तथा नक्कली नम्बर प्लेट प्रयोग गरिएको अवस्थामा ती बोलेरो गाडी नियन्त्रणमा लिइएको कोसी प्रदेश ट्राफिक प्रहरी व्यवस्थापन कार्यालय, इटहरीका प्रहरी उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

नियन्त्रणमा लिइएका सवारीसाधनमध्ये को१ज ११११ नम्बरको बोलेरो गाडी सवारी दर्ता किताबमा उल्लेख भएको इन्जिन नम्बर एफ ३१ एल ३२७६४ भए पनि सवारीमा जडान गरिएको इन्जिन नम्बर डिडब्लु ४६०२३ भेटिएको छ । उक्त सवारीको चेसिस नम्बर एमएआइएनभी २ एएफए ४२ ए १०६३३ रहेको छ । त्यसैगरी ना२च ७२९५ नम्बरको सवारीसाधनमा परिवर्तन गरिएको इन्जिन अभिलेखअनुसार नपाइएको, रङ परिवर्तन गरिएको तथा जिजी ८१ एफ ४१४८४ र जीए ९४ एल ६९४८१ इन्जिन नम्बर उल्लेख रहेको पाइएको छ । ना १ ज १५८३ नम्बरको सवारीसाधन यातायात व्यवस्था कार्यालय नारायणीको अभिलेखमा नपरेको तथा सवारी दर्ता किताबसमेत संकलन नभएको पाइएको छ । यसैगरी ना३च ३९२८ नम्बरको सवारीसाधन कम्पनीबाट आयात नभएको अवस्थामा इन्जिन नम्बर रि-पन्च गरिएको पाइएको प्रहरीले जनाएको छ ।

### २ नाबालकसहित ११ जना फरार कैदीबन्दी पक्राउ

यसैबीच, जेनजी आन्दोलनका क्रममा गत २४ भदौमा देशका विभिन्न बाल सुधार गृह तथा कारागारबाट फरार भएका कैदीबन्दीमध्ये सिरहा प्रहरीले हालसम्म २ नाबालकसहित ११ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयकाअनुसार जलेश्वर, नख्खु, जगन्नाथ देवल, सप्तरी, सिन्धुली, केन्द्रीय कारागार तथा बाल सुधार गृह वीरगन्जबाट फरार भएका कैदीबन्दी पक्राउ परेका हुन् ।

पक्राउ परेकामध्ये ९ जनालाई सम्बन्धित कारागार तथा सुधार गृहमा बुझाइसकिएको छ भने बाँकी २ जनालाई बुझाउने प्रक्रिया चलिरहेको जिल्ला प्रहरीका प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले जानकारी दिए । यसैबीच, प्रहरीले धनगढीमाई नगरपालिका-११ डाबरटोलस्थित चितवा खोला नजिकबाट सोमबार दिउँसो बेवारिसे अवस्थामा एक नाल भरुवा बन्दुक फेला पारेको छ । सो बन्दुकका सम्बन्धमा इलाका प्रहरी कार्यालय लहानले अनुसन्धान गरिरहेको जनाएको छ ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना ९ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय नारायणगढबाट तपशिलमा उल्लेखित ऋणीले व्यापारिक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **एभरेष्ट म:म ल्याण्ड कम इन** प्रोप्राइटरको नाम : मानकाजी श्रेष्ठ प्रा.फ.द.नं. : ७६०/०७०/०७१
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश भरतपुर, चितवन
दर्ता मिति : २०७१/०२/०१
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १० स्थायी लेखा नं. : ३०३३६२२६५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) टेक बहादुर श्रेष्ठको नाति डिल बहादुर श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. १२ हाल, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **मानकाजी श्रेष्ठ** (ना.प्र.नं. : ३५-५३८६० रामेछाप जारी मिति र जिल्ला : २०५९/०१/१५, चितवन)

२) टेक बहादुर श्रेष्ठको नाति डिल बहादुर श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. १२ हाल, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **घनश्याम श्रेष्ठ** (ना.प्र.नं. : ३५१०२५/५९८५ जारी मिति र जिल्ला : २०६९/०१/२०, चितवन)

३) टेक बहादुर श्रेष्ठको नाति डिल बहादुर श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. १२ हाल, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **नेत्र लाल श्रेष्ठ** (ना.प्र.नं. : ३५१०२५/५९८४ जारी मिति र जिल्ला : २०६९/०१/२०, चितवन)

४) राजा भाई बज्राचार्यको छोरी डिल बहादुर श्रेष्ठको बुहारी मानकाजी श्रेष्ठको पत्नी ललितपुर जिल्ला वुंगमती वडा नं. १ हाल, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **रचना बज्राचार्य** (ना.प्र.नं. : १७५५८ जारी मिति र जिल्ला : २०६०/०३/२७, ललितपुर)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८१/०२/१७ को मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/१०/२२ को मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
३) मिति २०८१/११/२२ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
४) मिति २०८२/०१/१६ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| मानकाजी श्रेष्ठ | चितवन जिल्ला भरतपुर वडा नं. ५ | ५ख | १४०९ | ०-०-१०.५०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२ साल पुष महिना १५ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय नारायणगढ आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल पुष महिना १६ गते बुधबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय नारायणगढमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८२/०९/०९**

यस कार्यालयबाट मिति २०८२/०८/०४ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का आव्हान सम्बन्धी सूचना अनुसार E-Bid मार्फत रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर र P.S. सहित) |
|---|---|---|---|
| LRM/NCB/Building/2082/83-05 | Remaining Works of Pokhari Danda Health Post Building at Likhu Rural Municipality - 9, Okhaldhunga | Chandra Siddha Construction, Likhutamakoshi – 6, Ramechhap | NRs. 25,70,520.36 |

प्रमुख प्रशासकीय अधिकृत



## लक्ष्मी सनराइज बैंक लिमिटेडको तपसिलमा उल्लेखित स्मार्ट फोन लोनका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०९/०९)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नुभएको **स्मार्ट फोन लोन** कर्जा सुविधाको बक्यौता रकम बैंकसंग गर्नुभएको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा बैंकबाट पटक पटक तरताकेता गर्दा समेत बक्यौता रकम नतिरी नबुझाई बैंकको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो बक्यौता कर्जा रकम चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस बैंकमा सम्पर्क राखी तहाँले उपभोग गर्नुभएको कर्जा सुविधा वापतको बैंकलाई तिर्नु बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु हुन सूचित गरिन्छ । अन्यथा बैंकले कर्जा असुलीको प्रकृया अवलम्बन गर्ने र सो अर्न्तगत नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम तहाँको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गर्ने लगायत कर्जा असुलीका लागि अन्य आवश्यक कानूनी प्रकृया अपनाई बैंकको लेना रकम असुल उपर गरिलिने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| शाखा कार्यालय | क.सं | ऋणीको नाम | नागरिकता नम्बर | जारी मिति | जारी जिल्ला | बुबा/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| सिन्धुली | १ | उज्ज्वल बराल | २०१०५४/१९२५/८०३९ | २०६५-११-२१ | सिन्धुली | योगेन्द्र बराल | नन्द लाल बराल | कमलामाई -०९, हाल कमलामाई ०७ सिन्धुली |
| | २ | विजय झखरैत | १५-०१-७८-००५१६ | २०७८-०१-१९ | सिरहा | हरि झखरैत | भैयाराम झखरैत | सिराहा १८, सिराहा हाल कमलामाई ०७, सिन्धुली |
| सुर्खेत | ३ | अर्जुन कठायत | ७२४८७ | २०६२-०३-२७ | सुर्खेत | कल कठायत | पदम कठायत | लगाम ०५ सुर्खेत |
| काकरभिट्टा | ४ | प्रमोद कुमार श्रेष्ठ | ३६२२४/६८८ | २०४५-१२-१५ | इलाम | नन्द कुमार श्रेष्ठ | नर बहादुर श्रेष्ठ | चिसापानी १, इलाम हाल बिर्तामोड ५, झापा |
| कलैया | ५ | नरेश महतो नुनिया | ३३-०१-७७-००५४७ | २०७७-०३-२५ | बारा | ओमप्रकाश महतो | सहदेव महतो | महागढिमाइ ५, बारा |
| लहान | ६ | रविन विश्वकर्मा | १४-०२-७५-०१३२७ | २०७५-०७-२८ | उदयपुर | अम्मर बहादुर विश्वकर्मा | लाल बहादुर विश्वकर्मा | कटारी ४, उदयपुर |
| नयाँ बानेश्वर, काठमाडौं | ७ | सुनिल कुमार यादव | १८-०१-७३-०४५४० | २०७३-०७-०२ | महोत्तरी | राम दरेस यादव | अरम प्रकाश यादव | सोनौल १, महोत्तरी हाल काठमाडौं ३२, कोटेश्वोर |
| | ८ | मनोज तामाङ | २०-०१-७०-०२१५५ | २०७०-०७-०४ | सिन्धुली | गिर बहादुर तामाङ | लाल बीर तामाङ | ककुरठाकुर ८, सिन्धुली हाल नागार्जुन १०, काठमाडौं |
| | ९ | रवि कुमार तामाङ | ४३१०२१/३४२ | २०६९-०७-२७ | तनहुँ | राम बहादुर लामा | बलबीर लामा | रुपाकोट ५, तनहुँ हाल नागार्जुन २, काठमाडौं |
| | १० | सन्दीप भण्डारी | ३७-०१-७१-०५७९२ | २०७१-०६-१० | रुपन्देही | लिल बहादुर भण्डारी | दिल बहादुर भण्डारी | अमवा २, रुपन्देही हाल बुद्धनगर १० काठमाडौं |
| नेपालगंज | ११ | अर्जुन कँडेल | ६५-०१-७३-००१२३ | २०७३-०१-०८ | बर्दिया | तेज प्रसाद कँडेल | बेलिराम कँडेल | सानोश्रीताराताल ८, हाल मधुवन-९ बर्दिया |
| विराटनगर | १२ | चन्दन कुमार गुरुङ | ०५१०३६/५३८ | २०६८-०४-०९ | मोरङ | नागेश्वर गुरुङ | बलिराम गुरुङ | बुधनगर २, हाल जहदा १, मोरङ |
| | १३ | सन्धया बिश्वकर्मा | ०५-०१-७७-०८३५१ | २०७७-१२-०३ | मोरङ | श्रवण कुमार विश्वकर्मा | हरि कुमार विश्वकर्मा | विराटनगर १६ मोरङ |
| | १४ | विकाश कुमार मण्डल | ०५-०२-७६-००६१८ | २०७६-०१-२३ | मोरङ | बलराम मण्डल गनगाई | खतन्द्र लाल मण्डल | धनपालथान २, मोरङ |
| | १५ | धीरज कुमार चौधरी | ०६-०६-७४-००६४३ | २०७४-०४-०३ | सुनसरी | भातु दास चौधरी | भालु दास थारु | देवानगन्ज गाउपालिका ६, सुनसरी |
| लगनखेल | १६ | नविन खत्री | ४०८२२ | २०६२-०९-१७ | ललितपुर | शिव बहादुर खत्री | गडेश बहादुर खत्री | लामाटार ०३, हाल महालक्ष्मी ०९, ललितपुर |
| | १७ | निशान सापकोटा | २४-७७-७४/३९४ | २०७४-०४-२२ | सिन्धुपाल्चोक | बिष्णु सापकोटा | सहदत्त सापकोटा | मेलम्ची-११, सिन्धुपाल्चोक हाल गोदामचौर-१, ललितपुर |
| रजहर | १८ | मान बहादुर गुरौ | इ ३९२४८ | २०६१-०५-११ | नवलपरासी | टिकारम गुरौ | बिरजालाल गुरौ | कावासोती-१० नवलपरासी |
| पोखरा, कास्की | १९ | प्रविण रेग्मी | ४२२०४१/२९३५५ | २०६४/०४/३२ | स्याङ्जा | झबिश्वर रेग्मी | भोला नाथ रेग्मी | वालिङ ०७, स्याङ्जा हाल पोखरा—१७, कास्की |
| | २० | चेत बहादुर थापा | ४२३००९/५३४ | २०६३-११-१९ | स्याङ्जा | प्रेम सिंह थापा | कुल बहादुर थापा | चिसापानी १, स्याङ्जा हाल पोखरा ११, कास्की |
| | २१ | सन्तोष अर्याल | ७९९६४ | २०६१-१२-३१ | स्याङ्जा | ज्ञान प्रसाद अर्याल | पूर्ण भद्र अर्याल | अर्जुन चौपारी ०४ स्याङ्जा हाल पोखरा १७, बिरौता, कास्की |
| हेटौंडा, मकवानपुर | २२ | डिलबहादुर नगरकोटी | २११०४३/२९०८७ | २०६८-११-३० | रामेछाप | इन्द्र बहादुर नगरकोटी | भक्त बहादुर नगरकोटी | टोकरपुर ७, रामेछाप हाल रामधुनी—१८, हेटौंडा |
| | २३ | मान प्रसाद खरेल | ३३३०२२/१८२ | २०७०-०१-२५ | बारा | हरि प्रसाद खरेल | पुण्य प्रसाद खरेल | सपही १ बारा हाल हेटौंडा ८ मकवानपुर |
| | २४ | अनिल डंगोल | ३११०२३/९२३९४ | २०६८-१०-०९ | मकवानपुर | शंखनारायण डंगोल | दास नारायण डंगोल | हेटौंडा -१०, हाल हेटौंडा, ४, जोशी नर्सरी, मकवानपुर |
| पकडी | २५ | सत्य प्रकाश पाण्डेय | ३८-०१-७८-०१८८० | २०७८-०४-२२ | कपिलवस्तु | राम शंकर पाण्डेय | राम सुभाग पाण्डेय | मायादेवी ०६, कपिलवस्तु |
| सिडिङ्वा | २६ | अनन्त इधिङ्गो | ०११०४७/१५३ | २०६७-११-२० | ताप्लेजुङ्ग | बुद्धिमान लिम्बु | सुक बहादुर लिम्बु | सबलाखु ०१, हाल सिडिङ्वा ०४, ताप्लेजुङ |
| भाटभटेनी | २७ | सुजन आचार्य | ४४१००१/२४०४ | २०६६-०७-२९ | गोरखा | माधव प्रसाद आचार्य | बैकंठ प्रसाद आचार्य | गोरखा-५, गोरखा हाल चुलेडाँडा-०६, धादिङ |
| | २८ | शैलेस बहादुर रोकाया | ७११००७/७५ | २०६५-०३-१८ | बझाङ | नन्दलाल रोकाया | मखा रोकाया | कोटदेवल ९, बझाङ हाल महाराजगञ्ज-०२ काठमाडौं |
| | २९ | सुनिल कुमार गौतम | ०४१००८/१५४० | २०६७-११-०२ | झापा | रेवत कुमार गौतम | हस्त बहादुर गौतम | बुधबारे ३, झापा हाल मनमैजु १, काठमाडौं |
| पुरानो बानेश्वर काठमाडौं | ३० | अनिल गजमेर | ०३-१-०४०/९७५५८ | २०६७-०९-२६ | इलाम | कलम बहादुर गजमेर | मानबिर गजमेर | गोदक-०६, इलाम हाल काठमाडौं -७, पेप्सिकोला |
| | ३१ | सफल अधिकारी | ०५२०५०/१७ | २०६४-०५-३१ | मोरङ | शरद कुमार अधिकारी | इन्द्र प्रसाद अधिकारी | रंगेली -४ मोरङ हाल कोटेश्वर—३२ काठमाडौं |
| बानियाँटार | ३२ | पुष्कल थापा क्षेत्री | ६८४४६ | २०५७-०९-१० | नुवाकोट | ओम बहादुर थापा क्षेत्री | बोम बहादुर थापा क्षेत्री | महाकाली ८, नुवाकोट हाल गङ्गबु ३, बनियाटार |
| विरगंज | ३३ | सुमित वर्मा | ३४-०१-७०-०५२६२ | २०७०-०४-०७ | पर्सा | शिवशंकर प्रसाद वर्मा | श्री कपिल देव प्रसाद वर्मा | वीरगन्ज १४, हाल वीरगन्ज ११, पर्सा |
| पकली | ३४ | बिना चौधरी | ०६-०१-७५-०६८१२ | २०७५-०७-०६ | सुनसरी | जय नारायण चौधरी | कुसुमलाल चौधरी | इटहरी १४, सुनसरी |
| कलंकी, काठमाडौं | ३५ | युवराज मगर | २७१०५२/८७२६८ | २०६८-०७-२७ | काठमाडौं | हरि भक्त मगर | राम भक्त मगर | चाल्नाखेल-०७, हाल किर्तिपुर ९, काठमाडौं |
| | ३६ | सुर्जे स्याङतान | ३१३०२३ -९२५ | २०६३-११-०४ | मकवानपुर | लाल बहादुर स्याङतान | सोम बहादुर स्याङतान | थाहा न.पा. ११, मकवानपुर हाल कलंकी, काठमाडौं |
| विरगंज | ३७ | मेहबूब आलम | ३४-०१-७३-०६४३८ | २०७३-०६-०४ | पर्सा | जहिर देवान | कुर्बान देवान | वीरगन्ज ०२, पर्सा |
| | ३८ | उपेन्द्र कुमार बैठा | ३४-०१-७४-०८२७८ | २०७४-०६-२९ | पर्सा | दशैं बैठा धोबी | बलदेव बैठा धोबी | पोखरिया ६, पर्सा |
| गोरुसिङ्गे | ३९ | विजय काउछा | ३८-०१-७७-०१४९० | २०७७-०६-१८ | कपिलवस्तु | पदम बहादुर काउछा | निम बहादुर काउछा | बुद्धभुमि ०९, कपिलवस्तु |
| राजविराज | ४० | शशिकान्त चौधरी | १६-०२-७३-००७९४ | २०७३-०३-१३ | ससरी | सुखिलाल चौधरी | सत्य नारायण चौधरी | कन्चनरुप ४, ससरी |
| धनगढी | ४१ | एन्जेल के.सी. | ६७-०१-७६-०८३८७ | २०७६-०९-०८ | कैलाली | सञ्जय के.सी. (खत्री) | मान बहादुर के.सी. | धनगढी-१, कैलाली |
| | ४२ | अनिकेश चौधरी | ६७-०१-७४-०२८२८ | २०७४-०३-२१ | कैलाली | माया राम चौधरी | पर्दशु चौधरी | धनगढी ०६ कैलाली |
| इमाडोल | ४३ | झलक प्रसाई | ०४१०१२/२९७ | २०६४-०२-२० | झापा | मोहन प्रसाद प्रसाई | दाताराम प्रसाई | बिर्तामोड ०४ झापा |
| बुटवल | ४४ | मधुसुधन पोखरेल | ५०६४५ | २०६२-०३-०५ | गुल्मी | होमनाथ पोखरेल | टैकधर पोखरेल | परात्मी २, गुल्मि हाल रामनगर १२ बुटवल, रुपन्देहि |
| खलङ्गा | ४५ | अमर बहादुर रावत | ६४-०१-७३-००५८७ | २०७३-०१-२६ | सुर्खेत | डिल बहादुर रावत | नन्द बहादुर रावत | दशरथपुर ५, सुर्खेत हाल भेरी ४, जाजरकोट |
| विर्तामोड | ४६ | कृष्ण प्रसाद भण्डारी | ०४-०१-७७-०३७११ | २०७७-०८-१५ | झापा | डिल्लीराम भण्डारी | खेमनाथ भण्डारी | कचनकवल ३, हाल मेचिनगर ६, झापा |
| | ४७ | प्रकाश भट्टराई | ०३-०१-७२-००२३२ | २०७२-०२-२७ | इलाम | दुर्गा प्रसाद भट्टराई | नरपति भट्टराई | नयाँबजार-०१, इलाम हाल बिर्तामोड-०६ झापा |
| किर्तिपुर | ४८ | प्रज्वल थापा | २७-०१-७३-१२१८० | २०७३-०९-०५ | काठमाडौं | राम कुमार थापा | हरी बहादुर थापा | किर्तिपुर -१५, काठमाडौं हाल चारघरे ०६, किर्तिपुर |

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

# ठगी तथा मानव तस्करी नियन्त्रण गर्न महानिरीक्षकलाई १४ बुँदे ध्यानाकर्षणपत्र

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं वैदेशिक रोजगारीमा हुने ठगी तथा मानव तस्करी नियन्त्रणका लागि काठमाडौंको शंकरापुरमा रहेको सरोकार केन्द्रले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई १४ बुँदे ध्यानाकर्षकपत्र बुझाइएको छ । सरोकार केन्द्रका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता गोविन्द पन्थी नेतृत्वको प्रतिनिधिमण्डलले प्रहरी प्रधान कार्यालमा पुगेर उक्त ध्यानाकर्षणपत्र बुझाएको हो । सो क्रममा संस्थाका महासचिव एवं सञ्चारकर्मी जीवन शर्मा, सचिव धर्मराज कार्की, केन्द्रीय सदस्यहरू शान्तबहादुर वाइबा, कुन्दन कार्की एवं अन्य पदाधिकारीहरूको उपथिति रहेको थियो ।

वैदेशिक रोजगार र मानव तस्करी नियन्त्रणमा सुधारका उपायसहितका विषयहरू समेटेर महानिरीक्षक कार्कीलाई ध्यानाकर्षणपत्र बुझाइएको महासचिव जीवन शर्माले जानकारी दिए । उनले भने, 'हामीले वैदेशिक रोजगारसम्बन्धी चुनौतीहरू, रोजगारीका अवैध माध्यम र मानव तस्करी नियन्त्रणमा नेपाल प्रहरीले गर्नसक्ने पहलहरूलाई केन्द्रमा राखेर सुझावपत्र बुझाएकाछौं । यसले सम्बन्धित निकायहरूलाई नीति निर्माण र व्यावहारिक कदम चाल्न सहयोग पुऱ्याउनेछ ।'

यस संस्था विदेशमा अलपत्र परेका नागरिकको उद्धार र सामाजिक जनचेतनाका बारेमा काम गर्दै आएको छ । संस्थाले वैदेशिक रोजगारको क्रममा गएर अलपत्र परेका ४९ जनाको उद्धार र ५५ जनालाई निःशुल्क कानुनी सेवासमेत उपलब्ध गराइसकेको छ । पछिल्लो समय भिजिट भिसाको दुरुपयोग गर्दै मानव तस्करी र वैदेशिक रोजगार ठगीमा नेपालीहरू पर्ने गरेका छन् ।

ध्यानाकर्षणपत्रमा वैदेशिक रोजगारीमा युरोप पठाउने भनी ठगी भएकाले त्यस्ता व्यक्तिलाई पक्राउ गरी कारबाही गर्न, सामाजिक सञ्जालमा विज्ञापन गरी लोभमा फसाउने गरिएकाले पीडितलाई न्याय दिन, कन्सल्टेन्सीहरूको सुक्ष्म अनुसन्धान गर्न, दर्ता भएका कन्सल्टेन्सीहरूले तोकिएभन्दा कानुनविपरीतका काम गरिरहेकाले त्यसको नियन्त्रणका लागि ध्यानाकर्षण गराइएको छ । यस्तै फ्री भिसा र फ्री टिकटको कानुनी व्यवस्था भए पनि खाडी मुलुकमा ७ लाखसम्म र युरोप जाँदा १५ लाख रुपैयाँसम्म असुली गर्ने गरिएको, वैदेशिक रोजगार विभागमा विचौलिया भएकाले त्यस्तो कार्य निरुत्साहित गर्न, श्रम सहचारी राख्ने व्यवस्थाका लागि पहल गर्न, घरेलु कामदार राख्न प्रतिबन्ध रहेको मुलुकमा कडाइका साथ कार्यान्वयन गर्न, अवैधत्र असुली गर्ने कन्सल्टेन्सीहरूलाई कानुनी दायरामा ल्याउन, जनचेतनामूलक कार्यक्रम अघि बढाउन, यस्ता मुद्दा प्रहरीले नै हेर्ने गरी व्यवस्थाका लागि पहल गर्न ध्यानाकर्षणपत्रमा माग गरिएको छ ।

## शीतलनिवासमा आइसब्रेक !

### चुनावको वातावरण...

नेपाली कम्युनिस्ट पार्टीले भने २१ फागुनमै चुनाव गराउने सरकारको प्रतिबद्धतामा आफूहरूको समर्थन रहेको बताएको छ । भेटवार्ताका क्रममा संयोजक प्रचण्डले चुनावमा भाग लिने कुरामा नेकपामा कुनै समस्या नरहेको भन्दै अन्य दलहरूको गुनासो सम्बोधन गरेर अघि बढ्न आग्रह गरे । 'राजनीतिक दलहरूसँग संवाद गरेर चुनावमा सहभागी हुने वातावरण बनाउनुस् । शान्तिपूर्ण, निष्पक्ष र भयरहित बनाउनुस् । हाम्रो दलमा समस्या छैन,' प्रचण्डलाई उद्धृत गर्दै नेता वर्षमान पुनले भने, 'अन्य दलका गुनासाहरू छन्, त्यसमा संवाद गर्नुस् ।'

## लेखकलाई ७...

### ३ पूर्व उच्च अधिकारीको स्थान हद फुकुवा

जाँचबुझ आयोगले अनुसन्धानको दायरामा रहेका पूर्व गृहसचिव गोकर्णमणी दुवाडी, नेपाल प्रहरीका पूर्व महानिरिक्षक चन्द्रकुवेर खापुङ र काठमाडौं जिल्लाका पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई विदेश भ्रमणमा रोक लगाउने र आयोगको स्वीकृति बेगर काठमाडौं उपत्यका छोड्न नपाउने व्यवस्था गरेको थियो । आयोगको मंगलबार बसेको बैठकले उनीहरूलाई विदेश भ्रमणमा रोक लगाउने र उपत्यका बाहिर जाँदा आयोगको स्वीकृति लिनुपर्ने व्यवस्था फुकुवा गर्ने निर्णय भएको जाँचबुझ आयोगका उपसचिव कमलप्रसाद पाण्डेले जानकारी दिए । योसँगै छानबिनको दायरामा परेका ओली र लेखकबाहेक सबैको स्थान हद फुकुवा भएको छ ।गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनका क्रममा काठमाडौंलगायत देशका विभिन्न भागमा भएका मानवीय तथा भौतिक क्षतिको छानबिन गर्न सरकारले ५ असोजमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा ३ सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोगको सदस्यमा पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी छन् ।

## सुस्त अर्थतन्त्र...

बैंकिङ प्रणालीमा उच्च तरलता कायम रहे पनि कर्जा विस्तार हुन नसक्दा अर्थतन्त्र पूर्ण रूपमा चलायमान हुन नसकेको निष्कर्ष बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलले निकालेको छ । समष्टिगत माग कमजोर हुनु, उपभोग सुस्त रहनु र लगानी वातावरण नबन्नुका कारण बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जा तथा गैरबैंकिङ सम्पत्ति बढ्दै गएको कार्यदलको ठहर छ । कार्यदलका अनुसार तरलता समस्या नभए पनि जोखिम लिन नसक्ने अवस्था, नीतिगत अस्पष्टता र संरचनागत कमजोरीका कारण बैंकिङ प्रणालीको क्षमता पूर्णरूपमा प्रयोग हुन सकेको छैन ।

कार्यदलले बैंकिङ नीति र नियमनलाई उदार तर विवेकशील बनाउँदै जोखिममा आधारित सुपरीवेक्षणलाई प्रभावकारी बनाउन जोड दिएको छ । बैंक तथा वित्तीय संस्थालाई तोकिएका मापदण्डका आधारमा वर्गीकरण गरी फरक-फरक निर्देशन लागू गर्नुपर्ने सुझाव दिइएको छ । शाखा विस्तार, स्थानान्तरण र बन्द गर्ने विषयमा नेपाल राष्ट्र बैंकलाई जानकारी मात्र दिने व्यवस्था हुनुपर्ने कार्यदलको धारणा छ ।

नेपाललाई ग्रे-लिस्टबाट हटाउन नेपाल राष्ट्र बैंकले अझ सक्रिय भूमिका खेल्नुपर्ने कार्यदलको निष्कर्ष छ । भुक्तानी प्रणाली, मुद्रा निर्मलीकरण नियन्त्रण र वित्तीय निगरानीमा सुधार गरी आगामी २ वर्षभित्र ग्रे-लिस्टबाट बाहिरिने लक्ष्यसहित समयबद्ध कार्ययोजना कार्यान्वयन गर्नुपर्ने सुझाव दिइएको छ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ पौष १६ गते (31 Dec., 2025 ) यस प्रा. लि. कार्यालय काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

ALLIANZE FOR HUMAN RESOURCES CONSULTANCIES PVT. LTD.
श्रम इजाजत नं.: १७६४/०८१/८२
Swayambhu-15, Kathmandu, Tel.: 01-5925668 Email : hr@allianzehr.com.np

## फुङलिङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ताप्लेजुङ

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८२/०९/०९)

यस नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिम **E-Bid** मार्फत समयावधिभित्र दर्ताहुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्र मुल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि ७ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| सूचना नं | आयोजना कार्यक्रमको नाम | स्विकृत फर्म | कवोल अंक (मु.अ. कर./पि एस सहित) |
|---|---|---|---|
| Phunglingmun/ NCB/Works/ 12/082/83 | Taplejung Jilla Phungling Nagarpalika Sthit Indian walfare Dekhi Ojahang Marga Hudai Timbure Sadak Jodne Sadak starunati karya | Taplejung Builders Pvt. Ltd. Tokha Municipality -8, Kathmandu | 1555643.67 |
| Phunglingmun/ NCB/Works/ 13/082/83 | Upgrading work of Taplejung Jilla Phungling Nagarpalika Indian walfare Dekhi Ojahang Marga Hudai Timbure Sadak | Taplejung Builders Pvt. Ltd. Tokha Municipality -8, Kathmandu | 2582973.31 |
| Phunglingmun/ NCB/Works/ 15/082/83 | Taplejung Jilla Phungling Nagarpalika Ward no 6 Gurung Sangrahalaya Gherabara Tatha Purbadhar Nirman | Phawakhola Nirman Sewa, Budhiganga-06, Morang | 1546297.26 |

प्रमुख प्रशासकीय अधिकृत

■ महान्यायाधिवक्ता कार्यालयको कामबारे प्रधानन्यायाधीश

# अभियोजनमा सुधार हुँदै गएको छ, अझै वैज्ञानिक ढंगले अनुसन्धान आवश्यक छ

■ सौर्य समाचार



काठमाडौं । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले महान्यायाधिवक्ता कार्यालयले फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउँदै लगेको बताएका छन् । महान्यायाधिवक्ता कार्यालयको ७५औं स्थापना दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा उनले महान्यायाधिवक्ता कार्यालयले अभियोजनमा सुधार हुँदै गएको र अझै वैज्ञानिक ढंगले अनुसन्धान तथा अभियोजन गर्नुपर्नेमा जोड दिए । उनले न्याय सार आदेश र फैसलामा मात्रै नभई कार्यान्वयन महत्त्वपूर्ण विषय भएको तथा न्यायमा सहज पहुँच बनाएमा अभियोजनमा राम्रो हुने स्पष्ट पारे । उनले अहिलेका नागरिकले प्रश्न सोध्ने र समाजले जबाफ दिने भएकोले यसलाई स्वभाविकरूपमा लिएर अघि बढनुपर्ने जरुरी भएको बताए ।

अनुसन्धान सूक्ष्म, गहिरो र प्रभावकारी भएन भने न्याय ठिक ठाउँमा नपर्ने उल्लेख गर्दै प्रधानन्यायाधीश राउतले सभ्य समाज निर्णयमा न्यायको दियो प्रज्वलित हुनुपर्ने आवश्यकता औंल्याए । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले कानुनी प्रणालीले विधि र प्रक्रियाअनुसार अनुसन्धानलाई वस्तुनिस्ट, सूक्ष्म तरिकाले गर्दा मात्रै सफल हुने बताए । उनले महान्यायाधिवक्ता कार्यालयको अभियोजन सुधार र व्यावसायिक सफलताको कामनासमेत गरे ।

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले जनतालाई न्यायको केन्द्रविन्दुमा राखेर पीडितलाई न्याय दिने तरिकाले अभियोजन सुधार गर्नुपर्ने बताइन् । उनले संविधानले मुद्दा चलाउने वा नचलाउने भन्ने जिम्मेवारीसमेत दिएको बताइन् । वरिष्ठतम् न्यायाधीश मल्लले अहिले जटिल परिस्थितिबाट न्यायालय अगाडि बढिरहेको र सुधारको चाहनालाई लिएर भएको जेनजी पुस्ताको मागलाई ध्यान दिनुपर्ने जरुरी भएकोमा जोड दिइन् । उनले डिजिटल प्रविधिको नवयुग प्रवेश गरिरहेको हुनाले यसलाई सही कसरी प्रयोग गर्ने र डिजिटलबाट हुने अपराधलाई न्यूनीकरणमा ध्यान दिनुपर्ने बताइन् ।

महान्यायाधिवक्ता सविता बरालले ७ दशकदेखि महान्यायाधिवक्ता कार्यालयले फौजदारी न्याय प्रणालीलाई निरन्तर सुधार गर्न लागिरहेको बताइन् । उनले सरकारी वकिलको कार्यालय अभियोजन गर्ने निकाय भएकाले बढी जिम्मेवार हुनुपर्नेमा जोड दिइन् । लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले महान्यायाधिवक्ता सरकारको कानुनी सल्लाहकार भएको हुनाले अभियोजनमा प्रभाव पर्छ कि पर्दैन भन्ने जिज्ञासा राखे । उनले जिल्ला न्यायाधीशमा सरकारी वकिलले नाम निकाल्न सफल भएको र ५० प्रतिशतभन्दा बढी महिला भएको जानकारी गराए ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्राडा विजयप्रसाद मिश्रले गरिबले न्याय पाउने गरी काम गर्नुपर्ने र फौजदारी अभियोजनमा सुधारमा सफलताको शुभकामना व्यक्त गरे । उनले जनताको न्यायमा ध्यान दिन प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गरे । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले विधिको शासन, अभियोजन प्रणालीलाई व्यवस्थित बनाई प्रविधिमैत्री तरिकाले काम गरिरहेको बताए । उनले महान्यायाधिवक्ता कार्यालय र नेपाल प्रहरीबीच सोच, सहकार्य तथा समन्वयमा प्रभावकारी तरिकाले काम गरिरहेको उल्लेख गरे । नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले फौजदारी अभियोजन सुधारमा काम गरिरहेको उल्लेख गर्दै गत भदौ २३ र २४ मा १९ कार्यालय क्षति भएको भए पनि अहिले मर्मत गरी कार्य सञ्चालनमा आएको जानकारी दिए ।

सो अवसरमा 'सर्वोत्कृष्ट सरकारी वकिल' को सम्मान सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेलाई प्रदान गरिएको थियो भने १३ जना सरकारी वकिल र कर्मचारीलाई उत्कृष्ट कार्यसम्पादनमा पुरस्कार तथा सम्मान गरिएको थियो । प्रधानन्यायाधीश राउतले उक्त पुरस्कार तथा सम्मान प्रदान गरे । सर्वोत्कृष्ट सरकारी वकिल सहन्यायाधिवक्ता न्यौपानेले सम्मानले काम र कर्तव्यमा थप ऊर्जा र जिम्मेवारी थपिएको अनुभव राखे । कार्यक्रममा प्रधानन्यायाधीश राउतले महान्यायाधिवक्ता कार्यालयले प्रकाशित स्थापना दिवस विशेषांक विमोचन गरेका थिए ।

## Siranchowk Rural Municipality
### Office of the Rural Municipal Executive
Chhoprak,Gorkha
Gandaki Province, Nepal

### Invitation for Bids

First Date of Publication: 2082-09-09 (2025/12/24)

1. The Office of the Rural Municipal Executive, Siranchowk Rural Municipality, Chhoprak, Gorkha invites electronic bids from eligible bidders for the construction of following works.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.

| S. N | Contract No. | Brief Description of Works | Estimated amount NRS ( inclusive VAT & P.S) | Bid Security Amount in NRs. | Bid Document fee (NRs) | Bid validity period |
|---|---|---|---|---|---|---|
| 1 | SRM/GORKHA/WORKS/ RD/NCB/082/083-P9 | Ward no. 2 bhitraka sadakharuko staronnati | 48,59,025.79 | 1,25,000 | 3000 | As per Public Procurement Acts and Regulations. |
| 2 | SRM/GORKHA/WORKS/ RD/NCB/082/083-P10 | Siranchowk Ga.Pa. 1 Kerabari Lakuribot hudai Thalajung Nayabazar samma sadak staronnati | 68,06,641.04 | 1,75,000 | 3000 | |
| 3 | SRM/GORKHA/WORKS/ RD/SQ/082/083-P11 | Upgrading of 6 no ward office road | 11,68,540.70 | 30,000 | 1000 | |
| 4 | SRM/GORKHA/WORKS/ RD/SQ/082/083-P12 | Upallo Gohore Langdi Chowk Tallo Langdi Beshi Bagedada Jaubari Sadak | 11,68,437.75 | 30,000 | 1000 | |
| 5 | SRM/GORKHA/WORKS/ RD/SQ/082/083-P13 | Upgrading of Jhargau dekhi Simle Sadak | 11,69,112.19 | 30,000 | 1000 | |
| 6 | SRM/GORKHA/WORKS/ RD/SQ/082/083-P14 | Construction of Boksi Khola Dadagaun Sadak | 14,61,255.81 | 37,500 | 1000 | |
| 7 | SRM/GORKHA/WORKS/ RD/SQ/082/083-P15 | Construction of Simalphed Dharapani Sadak | 11,68,940.26 | 30,000 | 1000 | |

Chief Administrative Officer

# सहकारी बैंकको नियमनमा राष्ट्र बैंकको कडाइ

■ चुक्ता पुँजी साढे २ अर्ब हुनुपर्ने

■ सौर्य समाचार

काठमाडौं । सहकारी बैंकले न्यूनतम चुक्ता पुँजी २ अर्ब ५० करोड रुपैयाँ पुर्‍याउनुपर्ने भएको छ । नेपाल राष्ट्र बैंकले सीमित बैंकिङ कारोबारका लागि इजाजतपत्रप्राप्त सहकारी बैंकहरूका लागि एकीकृत निर्देशन जारी गर्दै उक्त व्यवस्था लागू गरेको हो । निर्देशनले सहकारी बैंकले कायम गर्नुपर्ने चुक्ता पुँजी, न्यूनतम पुँजीकोष, कर्जा वर्गीकरण, कर्जा सीमा तथा जोखिम व्यवस्थापनका आधारभूत मापदण्ड तोकेको छ । निर्देशनअनुसार अब सहकारी बैंकले कुल जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी ४ प्रतिशत र कुल पुँजीकोष ८ प्रतिशत कायम गर्नुपर्नेछ ।

पुँजीकोष नपुर्‍याएको अवस्थामा राष्ट्र बैंकले वाणिज्य बैंकसरह कारबाही गर्न सक्ने जनाएको छ । साथै, सहकारी बैंकले पनि वाणिज्य बैंकसरह कर्जा नोक्सानी व्यवस्थापन अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्था गरिएको छ । निर्देशनअनुसार भाखा ननाघेका तथा ३ महिनासम्म भाखा नाघेका कर्जालाई असल, ३ महिनादेखि ६ महिनासम्म भाखा नाघेका कर्जालाई कमसल, ६ महिनादेखि १ वर्षसम्म भाखा नाघेका कर्जालाई शंकास्पद र १ वर्षभन्दा बढी भाखा नाघेका कर्जालाई खराब वर्गमा वर्गीकरण गर्नुपर्नेछ । सोहीअनुसार १ प्रतिशतदेखि १०० प्रतिशतसम्म कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेछ ।

निर्देशनले सहकारी बैंकलाई तरलता व्यवस्थापनमा पनि कडाइ गरेको छ । सदस्य संस्थाबाट संकलन गरिएको बचत तथा सापटी कोषको कम्तीमा २ प्रतिशत अनिवार्य मौज्दात राख्नुपर्नेछ भने कुल निक्षेप दायित्वको न्यूनतम २० प्रतिशत बराबर तरल सम्पत्ति कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### कर्जामा थप कडाइ

नेपाल राष्ट्र बैंकले सहकारी बैंकबाट सदस्य सहकारी संस्थाले लिने कर्जामा थप कडाइ गरेको छ । अब सहकारी संस्थाले आफ्ना ऋणी सदस्यको धितो प्रयोग गरी सहकारी बैंकबाट कर्जा लिँदा, सो सदस्यले लिएको कर्जाभन्दा बढी रकम लिन नपाउने व्यवस्था गरिएको छ । सहकारी बैंकले आफ्ना सदस्य सहकारी संस्थालाई दिने कर्जाको सीमा पनि तोकिएको छ ।

अब सदस्य सहकारीको कुल सम्पत्तिको १५ प्रतिशत वा अघिल्लो त्रैमासको कुल साधारण सेयरको २० प्रतिशतसम्म मात्र कर्जा दिन पाइनेछ । तोकिएको सीमाभन्दा बढी कर्जा प्रवाह भएको अवस्थामा आगामी असार मसान्तसम्म सीमाभित्र ल्याउनुपर्नेछ । सो अवधिभित्र कर्जा सीमा समायोजन गर्न नसकेमा सो बराबरको रकम कर्जा नोक्सानी व्यवस्थापनमा राख्नुपर्नेछ । केन्द्रीय बैंकले सहकारी बैंकको नियमन तथा सुपरीवेक्षण प्रभावकारी बनाउन उक्त व्यवस्था लागू गरेको जनाएको छ ।

### बिनाधितो २५ लाखसम्म कर्जा

यस्तै, सहकारी बैंकले सदस्यको बचत सुरक्षणमा अधिकतम ९० प्रतिशतसम्म कर्जा प्रवाह गर्न सक्नेछ । रियलस्टेट क्षेत्रमा भने कुल कर्जाको अधिकतम १० प्रतिशत र रियलस्टेट तथा आवासीय घर कर्जामा गरी कुल कर्जाको २५ प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था गरिएको छ । सदस्य संस्थालाई दिइने कर्जा कुल सम्पत्तिको १५ प्रतिशत वा बैंकको साधारण सेयरको २० प्रतिशत (जुन कम हुन्छ) भित्र सीमित हुनेछ । परियोजना सुरक्षणमा ८० प्रतिशतसम्म, बचत सुरक्षणमा ९० प्रतिशतसम्म ऋण दिन सकिनेछ भने रियलस्टेट र आवासीय घर कर्जा मिलाएर कुल कर्जाको २५ प्रतिशतसम्म प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ ।

## Shivasatakshi Municipality
### Office of municipal executive
Koshi Province, Jhapa

### Invitation for Online Quotations

**1st Date of publication: 2082/09/09(24-Dec-2025)**

The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

| Contract ID | Description | Bid doc Fee | Bid Validity period | Bid Security Amount | Bid Security Validity Period | Deadline for submission of Bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|
| 05/SM/SQ/ Med/ 2082/083 | Supply and delivery of Ayurvedic Medicine | 1000 | 45 days Ater Bid Opening | Nrs 46,500 | 30 Days Beyond the Validity of Bid | 08-Jan-2026 12: hours | 08-Jan-2026 14: hours |

**Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank**: Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch jhapa
**Name of Office**: Shivasatakshi Municipality
Office Account no.: **29601400000017**
If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative officer**

# सर्लाहीको इन्दु शंकरले पनि सुरु गर्‍यो उखु क्रसिङ

■ सौर्य समाचार

काठमाडौं । सर्लाहीको हरिवनमा रहेको इन्दु शंकर चिनी उद्योगले पनि उखु क्रसिङ सुरु गरेको छ । उद्योगमा सोमबार दिउँसोबाट उखु क्रसिङ सुरु गरिएको उद्योगका प्रशासन प्रमुख ठाकुर नेपालले जानकारी दिए । महोत्तरीको गौशाला-१ रामनगरमा रहेको एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले पनि हिजैदेखि उखु क्रसिङ सुरु गरिसकेको छ । इन्दु शंकर र एभरेस्ट देशकै सबैभन्दा ठुला चिनी उद्योग हुन् । यी दुवै उद्योगको दैनिक उखु क्रसिङ क्षमता ५० हजार क्विन्टलभन्दा माथि छ ।

'हामीले यस वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेका छौं,' इन्दु शंकरका प्रशासन प्रमुख नेपालले भने, 'अबको झन्डै ३ महिनासम्म उद्योग सञ्चालन हुने अनुमान हाम्रो छ ।' इन्दु शंकरले गत वर्ष ३१ लाख क्विन्टलभन्दा धेरै उखु क्रसिङ गरेको थियो ।

इन्दु शंकरले क्रसिङ भएको उखुको समयमै भुक्तानी दिँदै आएको छ । गत वर्ष उद्योगले किसानलाई एक सातामै उखुको भुक्तानी दिएको थियो । सर्लाही देशकै सबैभन्दा धेरै उखु उत्पादन हुने जिल्ला हो । इन्दु शंकरले महोत्तरी, रौतहटसहितका जिल्लाबाटसमेत उखु ल्याउने गरेको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/०९**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०६/०५ मा स्वीकृती प्राप्त भई साविक कम्पनी ईसाका नेपाल प्रा. लि. (प्रा.लि.नं.२०४०५३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको ग्लोबल थिङ्क नेपाल प्रा. लि. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**Government of Koshi Province**

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

# Infrastructure Development Office, Jhapa

**Bhadrapur, Nepal**

## Invitation for Bids

**First Date of publication: 24th December 2025 (Poush 9, 2082)**

1. Infrastructure Development Office, Jhapa invites electronic bids from Nepalese eligible bidders for the Upgrading of various Roads in Jhapa District under National Competitive Bidding procedures.

| S. N | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (With VAT and PS) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Dhardhare kholama slab culvert nirman, Haldiwari-5, Jhapa | IDO-JHP/W/SQ/ MR-41/082-83 | 1000.00 | 25,000.00 | 9,73,266.70 |
| 2 | Haldibari Ga. Pa. wada no.1 Kereni purba milan storannati dhungel chowk ping danda bato hudai jodne sadak. | IDO-JHP/W/SQ/ MR-42/082-83 | 1000.00 | 25,000.00 | 9,73,590.87 |
| 3 | Mangalbare bazar purba poltry form jodne estarbridhi tatha Machharjhula culvert nirman, Haldiwari-4, Jhapa | IDO-JHP/W/SQ/ MR-43/082-83 | 1000.00 | 25000.00 | 9,72,894.90 |
| 4 | Rimal chowk Dakshin Buttabari Salmari Tinkune hudai wada no.-1 jodne sadak, Barhadashi-2,Jhapa | IDO-JHP/W/SQ/ MR-44/082-83 | 1000.00 | 25,000.00 | 9,73,650.87 |
| 5 | Swasthaya chauki dakshin bat purba jane sdak upgrading or culvert nirman, Haldiwari-2, Jhapa | IDO-JHP/W/SQ/ MR-45/082-83 | 1000.00 | 25,000.00 | 9,72,333.61 |
| 6 | Fulbari chauki bat purba jane sadak ma pavers, Barhadashi-4, Jhapa | IDO-JHP/W/SQ/ MR-46/082-83 | 1000.00 | 25,000.00 | 9,73,842.30 |
| 7 | Gairigau ko culvert sahit ko bato stornati,Barhadashi-2, Jhapa | IDO-JHP/W/SQ/ MR-47/082-83 | 1000.00 | 25,000.00 | 9,71,852.51 |
| 8 | Saypatri Chowk Dekhi Bhakti Sitaulako Ghar Hudai Bolo Chowk Jodne Sadak istarronatt shivasatakshi 4 | IDO-JHP/W/SQ/ MR-48/082-83 | 1000.00 | 25,000.00 | 9,73,914.80 |
| 9 | Shivasatkshi Nagarpalika Ward no.7 Kalikote Tol Gravel Dhal Nikash ,Shibsatakshi - 7 | IDO-JHP/W/SQ/ MR-49/082-83 | 1000.00 | 12,000.00 | 4,86,358.09 |
| 10 | Jilla Jhapa Kankai 7 ko Kali Mandir hudai Bhawani Khanepani bat wada number-6, jodne sadak Nirman. | IDO-JHP/W/SQ/ MR-50/082-83 | 1000.00 | 23,000.00 | 9,22,544.86 |
| 11 | Upgrading works of Narayan Tole Shanti Marg Sadak, Kankai-5,Jhapa | IDO-JHP/W/SQ/ MR-51/082-83 | 1000.00 | 31,000.00 | 12,15,466.23 |
| 12 | Buttabari shiwashakti janakalyan sewa samiti adhuro Bhawan Nirman Damak,Jhapa | IDO-JHP/W/SQ/ BLDG-52/082-83 | 1000.00 | 12,000.00 | 4,85,952.38 |
| 13 | Chhait samajko sanggralaya tatha saamudayik Bhawan Birtamod-1,Jhapa | IDO-JHP/W/SQ/ BLDG-53/082-83 | 1000.00 | 27,000.00 | 10,71,253.35 |
| 14 | Gopal Gauri Pratisthan Shivastakshi Bhawan Nirman, Jhapa | IDO-JHP/W/SQ/ BLDG-54/082-83 | 1000.00 | 17,000.00 | 6,78,605.26 |
| 15 | Laal jankalyan Aa. Vi. Shauchalay Nirman tha Gherabara Gauradaha-1, Jhapa | IDO-JHP/W/SQ/ BLDG-55/082-83 | 1000.00 | 25,000.00 | 9,70,618.16 |
| 16 | Laxmi Narayan Samudaayik Bhawan Birtamod,Jhapa | IDO-JHP/W/SQ/ BLDG-56/082-83 | 1000.00 | 25,000.00 | 9,74,390.98 |
| 17 | Nightangle Club Bhawan Starunnati Bhadrapur-1,Jhapa | IDO-JHP/W/SQ/ MR-57/082-83 | 1000.00 | 12,000.00 | 4,86,725.08 |
| 18 | Radha Krishna saamudayik Bhawan Birtamod-2,Jhapa | IDO-JHP/W/SQ/ BLDG-58/082-83 | 1000.00 | 49,000.00 | 19,46,326.95 |
| 19 | Shree Krishna satsang sewa parisad starunatti Bhadrapur-8,Jhapa | IDO-JHP/W/SQ/ BLDG-59/082-83 | 1000.00 | 12,000.00 | 4,84,280.86 |
| 20 | Tharu kalyankari jilla parishad tharu kala, sahityya ra saskriti sanggrahalaya Birtamod,Jhapa | IDO-JHP/W/SQ/ BLDG-60/082-83 | 1000.00 | 27,000.00 | 10,70,756.872 |
| 21 | Ward karyalaya gherabara Bhadrapur,Jhapa | IDO-JHP/W/SQ/ BLDG-61/082-83 | 1000.00 | 12,000.00 | 4,84,198.62 |
| 22 | Ghodamara Aa. Bi. Adhuro Bhawan Nirman, Barhadashi-5,Jhapa | IDO-JHP/W/SQ/ BLDG-62/082-83 | 1000.00 | 12,000.00 | 4,86,580.10 |
| 23 | Mankamna Samudayik Ban ko karyalaya bat uttar Lal bahadur Kadel ko ghar hudai Dakshineshwor Shivalaya Barhadashi-2, Jhapa | IDO-JHP/W/SQ/ MR-63/082-83 | 1000.00 | 25,000.00 | 9,71,109.85 |
| 24 | Rajbansi samaj bikas samiti bhawan estornati, Barhadashi-3,Jhapa | IDO-JHP/W/SQ/ MR-64/082-83 | 1000.00 | 12000.00 | 4,86,233.55 |
| 25 | Diwas Tajpuriyako Ghar Purwa Bigal Bank Sadak Staronnati Gaurigunj 4, Jhapa | IDO-JHP/W/SQ/ MR-65/082-83 | 1000.00 | 25,000.00 | 9,74,288.59 |
| 26 | Nayalal Rajbansi ko Ghar Purwa Aspatal Samma Ra Satis Dasko Ghar dekhi Krishna Upretiko Ghar Samma slab Dhalan Gaurigunj 6, Jhapa | IDO-JHP/W/SQ/ MR-66/082-83 | 1000.00 | 25,000.00 | 9,74,162.44 |
| 27 | Ratuwa Pul Uttar Shyamatoli Jane bato Gravel Gaurigunj 5 jhapa | IDO-JHP/W/SQ/ MR-67/082-83 | 1000.00 | 25,000.00 | 9,74,752.73 |
| 28 | Thekitola Sudham Bhitta Sadak Staronnati Gaurigunj 3 Jhapa | IDO-JHP/W/SQ/ MR-68/082-83 | 1000.00 | 25,000.00 | 9,74,386.10 |
| 29 | D square resort purb prabesdwar pavers and plum nirman Buddhashanti Jhapa | IDO-JHP/W/SQ/ MR-69/082-83 | 1000.00 | 25,000.00 | 9,73,555.16 |
| 30 | Dibya Marg Nawadurga Tole Sadak stronati Buddhashanti-1, Jhapa | IDO-JHP/W/SQ/ MR-70/082-83 | 1000.00 | 49,000.00 | 19,48,056.57 |
| 31 | Era marga Adhuro Pavers Nirman Buddhashanti-3 | IDO-JHP/W/SQ/ MR-71/082-83 | 1000.00 | 37,000.00 | 14,61,119.45 |
| 32 | Mechi Rajmarga Paschim Hasta Subba Ko Gharbat Birana Paini Sam Drain Sahit Kalopatrre Mechinagar Nagarpalika Wada No. 12 | IDO-JHP/W/SQ/ MR-72/082-83 | 1000.00 | 25,000.00 | 9,73,763.34 |
| 33 | Kakarvitta Healthpost Purb Dipak Tamang Ko Ghar Agadi Pavers Lagaune Me Na Pa 6 | IDO-JHP/W/SQ/ MR-73/082-83 | 1000.00 | 25,000.00 | 9,73,719.54 |
| 34 | Kakarvitta Healthpost Dakshin Prakash Subba Ko Ghar Agadi Pavers Nirman 6 Bhanu Tole | IDO-JHP/W/SQ/ MR-74/082-83 | 1000.00 | 25,000.00 | 9,73,377.63 |
| 35 | Kamala Dal Marga Kalopatre Mechinagar 13 Jhapa | IDO-JHP/W/SQ/ MR-75/082-83 | 1000.00 | 37,000.00 | 14,60,551.73 |
| 36 | Man Kumar Katuwal Ko Gharbat Nimadolma Marga Hudai Block Bichyaune Mechinagar Nagarpalika Wada No. 13 | IDO-JHP/W/SQ/ MR-76/082-83 | 1000.00 | 17000.00 | 6,81,611.55 |
| 37 | Mechi Rajmarga Paschim Bhadrakali Marga Panchwati Birbhadra Mahakalidham Jane Bato Mechinagar Na.Pa. 12 | IDO-JHP/W/SQ/ MR-77/082-83 | 1000.00 | 25000.00 | 9,73,703.89 |
| 38 | Narmani Acharya Ko Ghardekhi Rudra Moktan Ko Ghar Jane Sadakma Pavers Ochyaune Karya Buddhashanti-3 | IDO-JHP/W/SQ/ MR-78/082-83 | 1000.00 | 25,000.00 | 9,74,057.43 |
| 39 | Hulaki Margabat Dakshin Paruhang Tole Hudai Godhuli Football Ground Jane Bato Kalopatre Mechinagar Nagarpalika Wada No. 12 | IDO-JHP/W/SQ/ MR-79/082-83 | 1000.00 | 25,000.00 | 9,73,165.56 |
| 40 | Pranami Tole Kalopatre Nirman Anil Dhungana Ko Ghar Jane Bato Mechinagar Na. Pa. 14 | IDO-JHP/W/SQ/ MR-80/082-83 | 1000.00 | 25,000.00 | 9,74,008.41 |
| 41 | Ramjanki Margabat Kamala Nepal Ko Ghar Hudai Paschim Jane Batoma Plum Wall and Nali Sahit Interlock Lagaune Mechinagar-14, Jhapa | IDO-JHP/W/SQ/ MR-81/082-83 | 1000.00 | 49,000.00 | 19,48,164.76 |
| 42 | Sagarmatha Tole Sadak No. 1 Ma Block Bichyaune Mechinagar 8 Jhapa | IDO-JHP/W/SQ/ MR-82/082-83 | 1000.00 | 25,000.00 | 9,74,070.78 |
| 43 | Saraswati Marga Drain Nirman Mechinagar 8 | IDO-JHP/W/SQ/ MR-83/082-83 | 1000.00 | 25,000.00 | 9,73,347.69 |
| 44 | Sanskriti Chouwk Basgharibat Madan Gurungko Ghar Hundai Nayabasti Paschimsamm Jane bato Gravel Birtamode-10,jhapa | IDO-JHP/W/SQ/ MR-84/082-83 | 1000.00 | 49000.00 | 1,946,408.32 |
| 45 | BarhaSuddhi Truss Bridge Dekhi Naya Bazar Purwa Kadubhitta Phakedip Hundai Antabari Jodne Sadak Staronnati Gaurigunj-4,Jhapa | IDO-JHP/W/NCB/ MR-141/082-83 | 3000.00 | 61,000.00 | 24,36,234.17 |
| 46 | Gaurishankar Marga Hudai Tripurewar Shiwalayabat Bhawani Prasad Timilsina Ko Ghar Sam Jane Sadak Mechinagar 12 | IDO-JHP/W/NCB/ MR-142/082-83 | 3000.00 | 61,000.00 | 24,34,598.85 |
| 47 | Kalika Simsardekhi Daksin Purb Paschim Lok Marga Sadak Kalopatre Mechinagar-11, Jhapa | IDO-JHP/W/NCB/ MR-143/082-83 | 3000.00 | 61,000.00 | 24,34,947.90 |
| 48 | Jhapa Jilla Arjundhara Nagarpalika Wada No:3 Jukikhadima Tripurewshor Shivalaya Mandirko Purwadhar Nirman Tatha Aaspash Parisar Sudhar Karya | IDO-JHP/W/NCB/ BLDG-144/082-83 | 3000.00 | 2,44,000.00 | 9,744,514.79 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from Infrastructure Development Office, Jhapa (email: - idojhapa11@gmail.com) during office hour or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Interested Eligible bidder must download the complete set of bidding documents from PPMO's Web Site www.bolpatra.gov.np./egp. prepare their bids and submit their bid electronically through PPMO website www.bolpatra.gov.np/egp. The bidder should deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Rastya Banijya Bank, Bhadrapur, Jhapa**
   **Name of Office: Infrastructure Development Office, Jhapa**
   **Office Code no. 3370112011**
   **Office Account no.: 1000100200010000**
   **Rajaswa (revenue) Shirshak no.: 14229**
4. Pre-bid meeting shall be held at Infrastructure Development Office, Jhapa at 1pm on 14th January 2026 (30th Poush 2082).
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 23rd January 2026 (9 th Magh 2082) for NCB and 8th January 2026 (24th Poush 2082) for SQ.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 PM on on 23rd January 2026 (9 th Magh 2082) for NCB and 8th January 2026 (24th Poush 2082) for SQ. Bids must be valid for a period of 90 days (for NCB) and 45days (for SQ) after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format, amounting to NRs mentioned above , which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Office chief**

# गण्डकीमा प्रादेशिक ललितकला प्रदर्शनीको तयारी




■ सौर्य समाचार

पोखरा । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, गैडाकोट नगर प्रज्ञा प्रतिष्ठान र गैंडाकोट नगरपालिकाको आयोजनामा आगामी १५ देखि १९ माघसम्म 'गण्डकी प्रादेशिक ललितकला प्रदर्शनी २०८२' हुने भएको छ । 'सामाजिक रूपान्तरणः ललितकलाको अभियान' नारासहित गैंडाकोट नगर प्रज्ञा-प्रतिष्ठानको ग्यालरीमा प्रदर्शनी हुने भएको हो ।

यहाँ मंगलबार आयोजित पत्रकार सम्मेलनमा ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले प्रदर्शनीमा गण्डकी प्रदेशका चित्रकला, मूर्तिकला, परम्परागत मूर्तिकला, शिल्प-हस्तकला, वास्तुकला तथा लोककला, परम्परागत चित्रकला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कला विधाका कलाकृति राखिने बताए । 'प्रदर्शनीसँगै कला र कलाकार सर्वेक्षण, प्रदेश तथा स्थानीय तह एवं विभिन्न समुदायमा रहेका कला र कलाकारको पहिचान तथा तिनको महत्त्वलाई उजागर गर्ने प्रदर्शनीको लक्ष्य हो', उनले भने ।

गैंडाकोट नगर प्रज्ञा-प्रतिष्ठानका उपकुलपति भीमप्रसाद शर्माले गण्डकी प्रदेशका कलाकारको उत्सवका रूपमा प्रदर्शनी आयोजना गरिने बताए । गैंडाकोट नगरपालिकाका शिक्षा अधिकृत रामप्रसाद अधिकारीले प्रदेश प्रदर्शनीको अवसर दिएकोमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानप्रति आभार व्यक्त गरे । गैंडाकोट नगर प्रज्ञा-प्रतिष्ठानका कुलपति गोविन्दराज विनोदीले प्रदर्शनीलाई ऐतिहासिक उत्सवका रूपमा मनाउने गरी तयारी भइरहेको बताउँदै नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले आफूहरूलाई प्रेरित गरेको बताए ।

प्रतिष्ठानले ललितकला प्रज्ञा-प्रतिष्ठान र गैंडाकोट नगर प्रज्ञा-प्रतिष्ठानको साझा उद्देश्य नेपाली ललितकला क्षेत्रको विकासका लागि खोज-अनुसन्धान, प्रशिक्षण, कार्यशाला, गोष्ठी, सम्मेलन, महोत्सव, प्रतियोगिता, प्रदर्शनी तथा कलाकारको जीवनस्तर उकास्नका लागि विविध गतिविधि गर्ने जनाएको छ । उसले नेपाली ललितकलालाई देश विदेशसम्म पुऱ्याउने, सम्मान, कदर एवं पुरस्कार प्रदान गर्ने, पुस्तकालय, ग्यालरी, संग्रहालय आदि स्थापना गर्ने, सिर्जनावृत्ति, छात्रवृत्ति, विद्वत्वृत्ति प्रदान गर्ने, नेपालका रैथाने शिल्पज्ञान तथा कलाको संरक्षण, प्रवर्द्धन तथा विकासलगायतका ललितकलाका विविध पक्षमा कार्य गर्ने जनाएको छ ।

प्रतिष्ठानका अनुसार यस्तै प्रदर्शनी कोसीमा २९ माघदेखि ४ फागुनसम्म, मधेसमा १६ देखि २० माघसम्म, बागमतीमा ८ देखि १२ फागुनसम्म, लुम्बिनीमा १७ देखि २१ माघसम्म, कर्णालीमा १९ देखि २३ माघसम्म र सुदूरपश्चिममा २१ देखि २५ माघसम्म हुनेछ ।

# नेयमारको घुँडाको शल्यक्रिया सफल



■ एजेन्सी

ब्रासिलिया । ब्राजिल राष्ट्रिय फुटबल टोली र सान्तोस क्लबका फरवार्ड नेयमारको बायाँ घुँडाको सफल शल्यक्रिया गरिएको छ । घुँडाको मेनिस्कसमा समस्या देखिएपछि आर्थ्रोस्कोपिक विधिबाट अपरेसन गरिएको सान्तोसले जनाएको छ । ब्राजिल राष्ट्रिय टोलीका चिकित्सकले शल्यक्रिया गरेका हुन्, जसले यसअघि पनि नेयमारको खुट्टाको फ्र्याक्चर र सन् २०२३ को एसिएल चोटको उपचार गरेका थिए ।

३३ वर्षीय नेयमारले कठिन सिजनमा चोटका बाबजुद सान्तोसका लागि खेलेर क्लबलाई ब्राजिलको शीर्ष लिगबाट रेलिगेसन हुनबाट जोगाउन महत्त्वपूर्ण योगदान दिएका थिए । उनले सिजनका अन्तिम ४ खेलमा ५ गोल गर्दै टोलीको अस्तित्व जोगाएका हुन् । यस शल्यक्रियापछि नेयमारको २०२६ विश्वकपका लागि ब्राजिल टोलीमा पुनरागमनको आशा बढेको छ ।

ब्राजिलका सर्वाधिक गोलकर्ता नेयमारले १२८ खेलमा ७९ गोल गरेका छन्, तर पछिल्ला २ वर्षभन्दा बढी समयदेखि राष्ट्रिय टोलीबाट बाहिर छन् । नेयमार जनवरीमा साउदी क्लब अल-हिलाल छाडेर सान्तोस फर्किएका थिए । उनको सान्तोससँगको सम्झौता यसै वर्ष सकिँदै छ र नयाँ सम्झौताका लागि छलफल भइरहेको छ ।

# प्रतिभा माविले जित्यो हिसान कास्की स्पोर्ट्सको उपाधि




गण्डकी । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीद्वारा आयोजित १८औँ हिसान स्पोर्ट्स मिटको उपाधि प्रतिभा माविले जितेको छ । लगातार ५ दिनसम्म सञ्चालन भई सोमबार सम्पन्न प्रतियोगितामा प्रतिभा माविले समग्रमा ३४ अंक प्राप्त गरी १८औँ संस्करणको उपाधि हासिल गरेको हो । उपाधिसँगै प्रतिभा माविले रनिङ सिल्ड हात पारेको छ । हिसान स्पोर्टस मिटअन्तर्गत प्लस टु (कक्षा ११-१२) विद्यालय, कलेज र विश्वविद्यालयतर्फका खेलाडीले विभिन्न ४ खेलका छुट्टाछुट्टै इभेन्टमा प्रतिस्पर्धा गरेका थिए ।

सोअन्तर्गत छात्रछात्रा बास्केटबल, भलिबल, ब्याडमिन्टन र टेबुल टेनिसका प्रतिस्पर्धा भएका थिए भने विश्वविद्यालयतर्फ समेत ब्याडमिन्टन, टेबुलटेनिस र बास्केटबलका स्पर्धा सञ्चालन भएका थिए । प्रतिभा मावि छात्रा भलिबल, ब्याडमिन्टन र छात्र बास्केटबलमा टिम च्याम्पियन हुँदै २१ अंक, छात्र भलिबल र टेबुल टेनिसमा टिम उपविजेता हुँदै १० अंक तथा छात्रा भलिबलमा तेस्रो स्थान हुँदै ३ अंक प्राप्त गर्दा कुल ३४ अंकका साथ उपाधि विजेता बनेको हो ।

हिसान कास्कीअन्तर्गत जिल्लामा आबद्ध ८० शिक्षालयमा ४० हजारभन्दा बढी विद्यार्थी र ५ हजार बढी शिक्षक तथा कर्मचारी कार्यरत रहेको हिसानका सचिव किरण सापकोटाले जानकारी दिए । हिसान कास्की शाखामा प्याब्सन, एनप्याब्सन, युनिप्स लगायतका संस्थामा आबद्ध विद्यालयहरूको आबद्धता रहेको उनले बताए । *(सौस)*

# मिरमिरेको मिरमिरे भो



■ सौर्य समाचार

काठमाडौं । यम शेर्पाको लेखन तथा निर्देशन रहेको फिल्म ' मिरमिरे'को शीर्ष गीत 'मिरमिरे भो' सार्वजनिक भएको छ । गीतमा प्रकाश सपूत र मेलिना राईको स्वर तथा प्रकाशकै शब्द र संगीत छ ।

गीतको भिडियोमा फिल्मका प्रमुख कलाकारहरू दयाहाङ राई, प्रकाश सपुत र सिर्जना निङ्लेखुको अभिनय छ । भिडियोमा कलाकारको त्रिकोणात्मक प्रेमकथा देखाइएको छ । आगामी १ माघबाट प्रदर्शनमा फिल्मले बाबु र छोरीको भावनात्मक सम्बन्धलाई प्रस्तुत गर्नेछ ।

यार्सा फिल्म्सको प्रस्तुति रहेको फिल्ममा दयाहाङ राई, प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेल छन् ।

निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माता रहेको फिल्मका सह-निर्मातामा गोविन्द बोहरा, सुदीप कुँवर छन् । फिल्मको कार्यकारी निर्मातामा आरआर फिल्मसका सञ्चालकसमेत रहेका फिल्म वितरक रोहित कट्टेल रहेका छन् ।

■ महिला टी-२० विश्वकप छनोटको खेल तालिका सार्वजनिक

# नेपालको पहिलो खेल थाइल्यान्डसँग




■ सौर्य समाचार

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान) ले नेपालमा आयोजना हुने आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको खेल तालिका सार्वजनिक गरेको छ । उक्त प्रतियोगितामा विभिन्न १० राष्ट्रको सहभागिता रहेको छ । क्यानले मंगलबार सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल समूह ' बी' मा परेको छ । नेपाली महिला क्रिकेट टोली पहिलोपटक विश्वकप एसिया छनोट पार गरेर ग्लोबल छनोटमा पुगेको हो । नेपालको समूहमा स्कटल्यान्ड, थाइल्यान्ड, नेदरल्यान्ड्स र जिम्बावे रहेका छन् ।

आगामी जनवरी १४ तारिखदेखि फेब्रुअरी १ तारिखसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको समूह 'ए' मा बंगलादेश, नामिबिया, अमेरिका तथा पपुवा न्युगिनी छन् । प्रतियोगिताको खेल मूलपानी क्रिकेट मैदान र त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुने क्यानले जनाएको छ । नेपालले आफ्नो पहिलो खेल आगामी १८ जनवरीमा थाइल्यान्डसँग खेल्दै प्रतियोतिगाको उद्घाटन गर्नेछ । उक्त खेल माथिल्लो मूलपानी क्रिकेट मैदानमा हुनेछ । यस प्रतियोगितामा सहभागी दुवै समूहबाट शीर्ष ३ टोली सुपर सिक्समा छनोट हुनेछन् । त्यस सुपर सिक्सबाट शीर्ष ४ स्थान हासिल गर्ने टोलीले सन् २०२६ मा हुने महिला टी-२० विश्वकपमा छनोट हुनेछन् ।

### नेपाली टिमले घरेलु मैदानमा राम्रो प्रतिस्पर्धा गर्छ : प्रशिक्षक पाठक

यसैबीच, नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीका नवनियुक्त मुख्य प्रशिक्षक हर्षल पाठकले मंगलबार मिडियासँग अन्तरक्रिया गरेका छन् । सो क्रममा उनले विश्वकप छनोटको तयारीमा रहेको नेपाली टिमले घरेलु मैदानमा राम्रो प्रतिस्पर्धा गर्ने पाठकले बताए । उनले विपक्षी प्रशिक्षकको भूमिकामा नेपालसँग खेल्दा टिमबारे जानकारी रहेको र सम्भावना देखेर नै जिम्मेवारी सम्हालेको स्पष्ट पारे ।

# अक्षयको प्रशंसा



■ एजेन्सी

मुम्बई । अभिनेत्री अमिषा पटेल पछिल्लोपटक फिल्म 'गदर-२'मा देखिएकी थिइन् । उनले हालै सञ्चारमाध्यमसँगको अन्तरवार्तामा अभिनेता अक्षय खन्नाको प्रशंसा गरिन् । उनले अक्षयसँग पहिलो फिल्म 'हिमालय पुत्र'मा सहकार्यको अनुभव सुनाउँदै अक्षय काममा इमानदार रहेको दाबी गरिन् ।

'अक्षयसँग फिल्ममा अभिनय गर्ने कुरा हुँदा म अमेरिकामा पढिरहेकी थिएँ । म युवावस्थामा थिएँ । त्यो बेला मलाई फिल्ममा धेरै रुची थिएन । त्यसकारण मैले त्यो प्रस्तावलाई अस्वीकार गरेँ । त्यसपछि मैले अक्षयसँग २ फिल्ममा काम गर्ने मौका पाएँ । मैले उनको भाइ राहुल र पिता विनोद खन्नासँग पनि अभिनय गरेँ', अमिषाले भनेकी छन् ।

उनले अक्षय रातारात स्टार नबनेको बताइन् । 'यो उसको कडा मिहिनेतको फल हो । जुन कुरा उनले अहिले देखाएका छन् । म उनको सफलतामा धेरै खुसी छु', उनले भनेकी छन् ।

अमिषा फिल्म 'बोर्डर-२' लाई लिएर उत्साहित छिन् । फिल्ममा 'गदर' अभिनेता सनी देओलसँग स्क्रिन सेयर गरेकी छन् । ' जहाँ सकिनाको तारा सिंह छन्, त्यहाँ १ हजार करोड आम्दानी निश्चित हो । म फिल्मका लागि निकै उत्साहित छु', उनले भनेकी छन् ।


## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

**निःशुल्क जग्गा प्राप्ति सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८२/०९/०९)

उपरोक्त सम्बन्धमा यस उर्लाबारी नगरपालिकाको साप्ताहिक शुक्रबारे हाटबजार व्यवस्थापन तथा सञ्चालनका लागि उपयुक्त जग्गा आवश्यक रहेको हुँदा निःशुल्क जग्गा रजिष्ट्रेशन पास वा निःशुल्क जग्गा लिजमा दिन ईच्छुक जग्गाधनिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमका कागजात संलग्न राखी यस कार्यालयमा निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक विवरण:**

१. जग्गा वडा नं. ४, ५, ६ र ७ भित्र पूर्व पश्चिम राजमार्गको १ कि.मी उत्तर र दक्षिणको क्षेत्र हुनुपर्ने,
२. जग्गा सम्म पुग्नलाई कम्तिमा २० फिट सम्मको पक्की वा ग्राभेल बाटोको सुविधा भएको,
३. जग्गाको क्षेत्रफल कम्तिमा ३ विघा हुनु पर्ने,
४. डुवान लगायत विपद् जोखिम क्षेत्र नभएको,

**आवश्यक काजगातहरु:**

१. निवेदन (जग्गाधनी वा निजको प्रतिनिधिको नाम, ठेगाना र सम्पर्क नम्बर खुलाई)
२. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रतिलिपि,
४. जग्गाको प्रमाणित नक्सा प्रिन्ट,
५. जग्गाको फोटो,
६. चालु आ.व को भूमि/मालपोत कर तिरेको रसिद ।
७. मञ्जुरीनामाको कागज ।

नि. प्रमुख प्रशासकीय अधिकृत



**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहटका तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा)चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८२/०९/०९ गते बुधबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंकका ऋणी नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०६/१६ मा प्रा.फ.र.नं. ३५०५/९६ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय सिमरा बारा, करदाता सेवा कार्यालय गौर रौतहटबाट मिति २०७३/०६/१७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३१५६३७४ को प्रमाणपत्र प्राप्त **श्रीराम ट्रेडर्स**ले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुंदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अधिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताहरुले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न भनि सूचना प्रकाशित गरी तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा चुक्ता नभएको हुंदा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको इ.प्रा. निर्देशन नं. १२/०८१, नं. ९ (३) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ । अत: यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं जमानतकर्तालाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । बैंकको उल्लेखित काम कारवाहीबाट तपाई जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ ।

**तपसिल**

**जमानतकर्ताहरुको विवरण:**

| | |
|---|---|
| **जमानतकर्ता : राज किरण साह**<br>(ना.प्र.नं. ३२-०२-७७-००१२६<br>मिति २०७७/०४/१४, जि.प्र.का. रौतहट) ।<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा वडा नं १० ।<br>बाबु : सुरेन्द्र साह । बाजे : राम एकावाल साह । | **जमानतकर्ता : सुशिल साह**<br>(ना.प्र.नं. ३२-०२-७६-००६९४,<br>मिति २०७६/०२/०२ जि.प्र.का.रौतहट)<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा वडा नं. १०<br>बाबु : सुरेन्द्र साह । बाजे : राम एकावाल साह । |
| **जमानतकर्ता :** छठिया देवी साह (ना.प्र.नं. ८६२ मिति २०६१/०७/२० जि.प्र.का.रौतहट) ।<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं १० (साविक डुमरिया (म) गा.बि.स वडा नं. ३) ।<br>बाबु :चुल्हाई साह तेली । पति : सुरेन्द्र साह । ससुरा : राम एकावाल साह । | |

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००


सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी